सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय कायममुकायम प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल

# फैसला

मुद्दाः डाँका।

मुद्दा नं.: ०७२-CR-१७८८

| | |
|---|---|
| भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स., वडा नं. ५ हाल सुर्यविनायक नगरपालिका, वडा नं. ३ बस्ने रविन चौगुठी..........................................................१ | पुनरावेदक प्रतिवादी |
| *विरूद्ध* | |
| राज दोङ्गको जाहेरील नेपाल सरकार....................................................१ | प्रत्यर्थी वादी |

मुद्दा नं.: ०७३-CR-०५५१

| | |
|---|---|
| राज दोङ्गको जाहेरीले नेपाल सरकार....................................................१ | पुनरावेदक वादी |
| *विरूद्ध* | |
| काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल नगरपालिका, वडा नं. ७, अठ्ठाइसकिलो बस्ने लोकेन्द्र तोलाङ्गे..........................................................................१ | |
| ऐ. जिल्ला, कोक्सीनटार गा.वि.स., वडा नं. ३ घर भई हाल धुलिखेल नगरपालिका, वडा नं. ७, अठ्ठाइसकिलो बस्ने राजु लामा.............................१ | प्रत्यर्थी प्रतिवादी |
| ऐ. जिल्ला, काभ्रेपलाञ्चोक गा.वि.स., वडा नं. ४ घर भई हाल धुलिखेल नगरपालिका, वडा नं. ७, अठ्ठाइसकिलो बस्ने जयकृष्ण श्रेष्ठ.......................१ | |
| भक्तपुर जिल्ला, कटुन्जे गा.वि.स., वडा नं. ५ बस्ने रविन चौगुठी...............१ | |

शुरु तहमा फैसला गर्ने अदालतः- श्री काभ्रेपलाञ्चोक जिल्ला अदालत
शुरु तहमा फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री कृष्णराम कोइराला
शुरु तहमा फैसला मितिः- २०७२।०३।२२

पुनरावेदन तहमा फैसला गर्ने अदालतः- तत्कालिन श्री पुनरावेदन अदालत पाटन
पुनरावेदन तहमा फैसला गर्ने न्यायाधीशः- माननीय न्यायाधीश श्री सुष्मालता माथेमा
माननीय न्यायाधीश श्री चण्डीराज ढकाल
पुनरावेदन तहमा फैसला मितिः- २०७२।११।०२
यस अदालतमा पुनरावेदन परेको मितिः- २०७३।०२।०२
२०७३।०८।०५

साविकको न्याय प्रशासन ऐन, २०४८ को दफा ९ तथा हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९ एवं दफा ३३ बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

<u>तथ्य खण्ड</u>

१. <u>घटनास्थल मुचुल्काः</u> मिति २०७१।०३।२९ को दिउँसो १६:०० बजेको सयममा का.प.जि. मेच्छेबाट भक्तपुरतर्फ बिक्री वितरणको लागि लैजान जाहेरवाला राज दोङ्गले बा.३ ख ३९०४ नं. को टिपरमा ल्याएको एक मालामा १०८ दानाको दरले हुने ७२ थान बुद्धचित्त मालाको दाना बा. ६० प ७५७२ नं. को स्कूटीमा चढी आएका लोकेन्द्र तोलाङ्गे, म्यान्डम नाम बताउने व्यक्ति, राजु लामा, जयकृष्ण श्रेष्ठ र जिल्ला प्रहरी कार्यालय, काभ्रेमा कार्यरत प्रहरी हवल्दार रविन चौगुठी समेत भई टिपरलाई जबरजस्ती रोकी डरत्रासमा पारी चोरी गरी लगेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

२. <u>जाहेरी दरखास्तः</u> का.प.जि. मेच्छे गा.वि.स वडा नं. ८ बाट काइला लामासँग बुद्धचित्त मालाको दाना खरिद गरी एक मालामा १०८ दानाको दरले ७२ थान माला हुने बुद्धचित्त मालाका दानाहरु बिक्री गर्न भनी टिपरमा राखी भक्तपुरतर्फ आउने क्रममा दिउँसो ४:०० बजेको सयममा का.प.जि. बनेपा न.पा. वडा नं. ११ बुडोल स्थित अरनिको राजमार्गको सडक खण्डमा आइपुग्दा बा. ६० प ७५७२ नं. को स्कूटरमा चढी आएका जाहेरी दरखास्तको विरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, म्यान्डम आइते भन्ने अजय तामाङ्ग एवं अन्य राजु लामा, जयकृष्ण श्रेष्ठ र जिल्ला प्रहरी कार्यालय, काभ्रेमा कार्यरत प्रहरी हवल्दार रविन चौगुठी समेत भई टिपरलाई एक्कासि बाटो छेकी रोकी ढोका खोली मलाई जबरजस्ती तानी ओराली मैले बिक्री गर्न भनी ल्याएको झोलामा रहेको बुद्धचित्त मालाको दानाहरु भएको झोला जबरजस्ती खोसी चोरी गरी लगेको हुँदा विपक्षीहरुलाई पक्राउ गरी विपक्षीहरुबाट दिए जिन्सी नै र नदिए एक मालाको रु.१३,०९५।- पर्ने ७२ मालाको रु.९,४२,८४०।- (अक्षरुपी नौ लाख वयालीस हजार

आठसय चालीस रुपैयाँ) दिलाई भराई विपक्षीहरुलाई मुलुकी ऐन, चोरीको महल अन्तर्गत हदै सम्मको कारवाही र सजाय गरीपाउँ भन्ने समेत व्यहोराको राज दोङ्गको जाहेरी दरखास्त।

३. बरामदी मुचुल्का: का.प.जि. धुलिखेल न.पा. वडा नं. ७ अठाइसकिलो स्थित पक्की सडक बाटोमा बा. ६० प ७५७२ नं. को यामाहा कम्पनीको स्कूटी चलाई आएका लोकेद्र तोलाङ्गेलाई नियत्रणमा लिई निज एवं मोटरसाइकल समेतलाई खानतलासी लिँदा उक्त मोटरसाइकलको सिटमुनी डिक्की भित्रबाट सेतो र निलो प्लाष्टिकभित्र लुकाई छिपाई राखेको बुद्धचित्त मालाको दानाहरु जम्मा ७७० वटा फेला पारी बरामद गरेको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

४. कल डिटेल: वारदात समय एवं सो पश्चात पक्राउ प्रतिवादी एवं फरार प्रतिवादीहरु बिच पटक-पटक टेलिफोन सम्पर्क भएको भन्ने समेत व्यहोराको कल डिटेल विवरण।

५. प्रतिवादी लोकेन्द्र तोलाङ्गेको अधिकारप्राप्त अधिकारी समक्षको बयान: मिति २०७१।०३।२९ मा म आफ्नो काम विशेषले गर्दा बनेपामा थिएँ। सोही क्रममा दिउँसो १३:०० बजेको समयमा साथी म्यान्डम आइते भन्ने अजय तामाङ्गले फोन गरी तिमी तुरुन्त धुलिखेल अठ्ठाइसकिलो भन्ने ठाउँमा आउनु पर्‍यो। एउटा काम छ भने पछि म मेरो बा. ६० प ७५७२ नं. को स्कूटी चढी त्यहाँ आइपुग्दा रविन चौगुठी, जयकृष्ण श्रेष्ठ, राजु लामा र म्यान्डम आइते भन्ने अजय तामाङ्ग सँगै बसिरहेका थिए। निजहरुलाई भेटे पश्चात निजहरुले भक्तपुरतर्फ लैजान भनी बा. ३ ख ३९०४ नं. को टिपरमा बुद्धचित्त माला आएको छ, उक्त मालाहरु चोरी गरी अन्य व्यक्तिहरुलाई बेची रकम लिई बाँड्नु पर्छ भनी योजना बनाई हामी पाँचै जना बनेपा न.पा. ११ बुडोल स्थित अरनिको राजमार्ग उग्रचण्डी आयलस्टोर अगाडि आई पुग्यौं। सो दिनको १६:०० बजेको समयमा उक्त बा. ३ ख ३९०४ नं. को टिपर धुलिखेल हुँदै आयो। सो टिपरलाई म, रविन चौगुठी र म्यान्डम आइते भन्ने अजय तामाङ्ग भई रोकी टिपरमा आएका व्यक्तिहरुलाई बाहिर आउन भन्दा निजहरु मानेनन् र पछि रविन चौगुठीले म जिल्ला प्रहरी कार्यालय, काभ्रेको प्रहरी हुँ चेकचाँज गर्नु पर्‍यो भनेपछि टिपरमा रहेका मानिसहरु बाहिर आए। टिपरभित्र रविन चौगुठी र म्यान्डम आइते भन्ने अजय तामाङ्ग छिरी चेकजाँच गर्दा निलो रङ्गको झोला फेला पर्‍यो। सो झोलामा के छ भनी भन्दा निजहरुले मकैको दाना छ भनी भनेपछि झोला खोली हेर्दा बुद्धचित्त मालाको दाना रहेछ। उक्त झोला मैले बोकी मेरो बा. ६० प ७५७२ नं. को स्कूटी म्यान्डम आइते भन्ने अजय तामाङ्गले चलाई म पछाडि बसी अठ्ठाइसकिलो भन्ने ठाउँमा आई के.यु. तर्फ जाने भन्ने सल्लाह गरी हामी पछाडी

राजु लामा र जयकृष्ण श्रेष्ठ समेत आए। के.यु. को बास्केटबल ग्राउण्डमा पुगी झोला खोली बुद्धचित्त माला हेर्ने क्रममा त्यहा गणेश तामाङ्ग समेत आई पुगे। त्यसपछि उक्त झोलामा भएको मध्ये एक हेल्मेट मालाको दानाहरु बिक्री गरी चिया खर्चको लागि भनी हामीले राखे सल्लाह गरी प्लाष्टिकमा प्याक गरी मेरो स्कूटीको सिटमुनी डिक्कीमा राख्यौं। उक्त मालाको दानाहरु बिक्री गरी आएको रकमबाट चियाखर्च लिने र पछि बिक्री गरौंला भनी सल्लाह भएको थियो। पछि रविन चौगुठीले मलाई फोन गरी जिल्ला प्रहरी कार्यालयमा बुझाउन सामान लिएर धुलिखेल आउनु पर्‍यो भनेको हुँदा मेरा स्कूटीमा उक्त बुद्धचित्त मालाको दानाहरु भएको झोला म र म्यान्डम भन्ने अजय तामाङ्ग भई लिई आउने क्रममा धुलिखेल सालिकचोक अगाडी रविन चौगुठी र उक्त टिपरबाट हामीले माला लिएका सम्बन्धित व्यक्ति समेत थिए। हामीहरुले उक्त झोला रविन चौगुठी समेत भई सम्बन्धित व्यक्तिलाई फिर्ता दिएका थियौं। निजहरु उक्त मालाको दाना भएको झोला लिई गएका थिए। उक्त झोलामा के कति परिमाणमा बुद्धचित्त मालाको दानाहरु थिए मलाई यकिन भएन। प्रहरीले मिति २०७१।०३।३१ मा मेरो स्कूटीको पछाडी सिट मुनीको डिकीमा बरामदी मुचुल्कामा उल्लेख भए अनुरुप ७७० दाना बुद्धचित्त माला सहित पक्राउ गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी लोकेन्द्र तोलाङ्गेले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

६. <u>प्रतिवादी राजु लामाको अधिकारप्राप्त अधिकारी समक्षको बयानः</u> मिति २०७१।०३।२९ मा म र जयकृष्ण श्रेष्ठ धुलिखेल अठ्ठाइसकिलो भन्ने ठाउँमा बसिरहेका थियौं। दिउँसो अं. ३:३४ बजेको समयमा म्यान्डम आइते भन्ने अजय तामाङ्गले फोन गरी भेट गरी केही समयमा नै अरनिको राजमार्ग हुँदै बा. ३ ख ३९०४ नं. को टिपरमा बुद्धचित्त माला आउँदै छ हामीहरु मिलेर उक्त माला चोरी गरी माला बिक्री गर्नु पर्छ भनी योजना बनायौं। मैले तत्कालै फोन गरी जिल्ला प्रहरी कार्यालय काभ्रेमा कार्यरत प्र.ह. रविन चौगुठीलाई बोलाए। निज पनि तत्कालै त्यहाँ आए। लोकेन्द्र तोलाङ्गे र गणेश तामाङ्ग समेत आई पुगे। हामी सबैजना जम्मा भई योजना बनाई अरनिको राजमार्गमा पर्ने उग्रचण्डी आयलस्टोर अगाडी आई बस्यौं। अं. १६:०० बजेको समयमा धुलिखेल तर्फबाट बा. ३ ख ३९०४ नं. को टिपर आयो। सो टिपरलाई सडक बाटोमा आई लोकेन्द्र तोलाङ्गे, म्यान्डम आइते भन्ने अजय तामाङ्ग र रविन चौगुठीले रोकी चेकजाँच गरे। म र जयकृष्ण श्रेष्ठ बा. ३४ प ३३ नं. को पल्सर मोटरसाइकलमा बस्यौं। गणेश तामाङ्ग हामीभन्दा माथि सडक किनारामा थिए। केही समयमा नै बा. ६० प ७५७२ नं. को स्कूटीमा म्यान्डम आइते भन्ने अजय तामाङ्गले चलाई पछाडि लोकेन्द्र तोलाङ्गे निलो

रङ्गको झोला बोकी आए। हामीहरु पनि पछि भाग्दै गयौं धुलिखेल केयुको बास्केटबलको ग्राउण्डमा पुगेपछि गणेश तामाङ्ग आई पुगे। हामी सबैजना जम्मा भई झोला खोली हेर्दा बुद्धचित्त मालाको दानाहरु रहेछ। अजय तामाङ्ग र लोकेन्द्र तोलाङ्गेले एक हेल्मेट माला झिकी प्लाष्टिकमा प्याक गरी पछि बिक्री गरी चियाखर्च लिने भनी बा. ६० प ७५७२ नं. को लोकेन्द्र तोलाङ्गेको स्कूटीको पछाडीको सिटमुनी डिकीमा राखी सकेपछि लोकेन्द्र तोलाङ्गेलाई रविन चौगुठीले फोन गरी बुद्धचित्त मालाका धनीहरु मसँग बसेका छन् निजहरुलाई फिर्ता दिनु पर्‍यो तुरुन्त धुलिखेलको सालिकचोक भन्ने ठाउँमा आउ भनी बोलाएकोले लोकेन्द्र र म्यान्डम आइते भन्ने अजय तामाङ्ग बाँकी रहेको बुद्धचित्त मालको झोला बोकी बा. ६० प ७५७२ नं. को स्कूटी लिई गएका थिए। पछि मैले निजहरुलाई फोन गरी सोध्दा रविन चौगुठी समेत भई सम्बन्धित धनिलाई फिर्ता दियौं भनी भनेका थिए। उक्त झोलामा के कति परिणाममा बुद्धचित्त मालाका दानाहरु थियो यकीन थाहा भएन। हाल आएर बुझ्दा जाहेरवाला राज दोङ्गले एक मालामा १०८ दाना हुने गरी ७२ थान मालाको दानाहरु ल्याएको भन्ने थाहा भयो भन्ने समेत व्यहोराको प्रतिवादी राजु लामाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

७. <u>प्रतिवादी जयकृष्ण श्रेष्ठको अधिकारप्राप्त अधिकारी समक्षको बयानः</u> मिति २०७१।०३।२९ मा म र राजु लामा धुलिखेलको अट्ठाइसकिलो भन्ने स्थानमा बसिरहेका थियौं। सोही दिन अं. ३:३५ बजेको समयमा चिनजानका साथी म्यान्डम आइते भन्ने अजय तामाङ्गले साथी राजु लामाको मोबाइल नं. मा फोन गरी धुलिखेल अट्ठाइसकिलो चोकमा आउन भनेकोमा हामीहरु त्यहाँ नै छौं भनेपछि निज आई राजु र मलाई भेटी केही समयमा नै अरनिको राजमार्ग हुँदै बा. ३ ख ३९०४ नं. को टिपरमा बुद्धचित्त माला आउँदैछ हामीहरु मिली उक्त माला चोरी गरी बिक्री गर्नु पर्छ भनी योजना बनायौं। सोही क्रममा राजु लामाले जिल्ला प्रहरी कार्यालय काभ्रेमा कार्यरत प्र.ह. रविन चौगुठीलाई फोन गरी बोलाए र निज पनि तत्कालै हामी भएको ठाउँमा आए। केही समयमा नै लोकेन्द्र तोलाङ्गे र गणेश तामाङ्ग पनि हामी भएको स्थानमा आई पुगे। तत्पश्चात हामी सबैजना जम्मा भई योजना बनाई का.प.जि. बनेपा न.पा. ११ बुडोलस्थित अरनिको राजमार्ग उग्रचण्डी आयलस्टोर अगाडी आई बस्यौं। सोही दिनको अं. १६:०० बजेको समयमा धुलिखेल तिरबाट बा. ३ ख ३९०४ नं. को टिपर आइरहेको अवस्थामा उक्त टिपरलाई लोकेन्द्र तोलाङ्गे, म्यान्डम आइते भन्ने अजय तामाङ्ग र रविन चौगुठीले सडक किनाराभन्दा बाहिर लगि रोके। म तथा राजु लामा अलिमाथि सडकखण्ड किनारामा मेरो बा. ३४ प ३३ नं. को मो.सा. मा बस्यौं। साथी गणेश तामाङ्ग अलिमाथी

किनारामा बसेको थियो। केही समय पश्चात बा. ६० प ७५७२ नं. को स्कूटीमा लोकेन्द्र तोलाङ्गेले चलाई म्यान्डम आइते भन्ने अजय तामाङ्ग बसी झोला बोकी आए। बा. ३४ प ३३ नं. को पल्सर मो.सा. मैले चलाई पछाडी राजु लामा बसी आउने क्रममा गणेश लामालाई के.यु. मा आउन भनेर हामीहरु सबैजना के.यु. को बास्केटबल ग्राउण्डमा गई झोला खोली हेर्दा उक्त झोलामा बुद्धचित्त मालाका दानाहरु रहेछ। लोकेन्द्र तोलाङ्गेले एक हेलमेट मालाको दाना प्लाष्टिकमा प्याक गरी निजको स्कूटीको सिट मुनीको डिक्कीमा राखेपछि लोकेन्द्र तोलाङ्गेलाई रविन चौगुठीले फोन गरी बुद्धचित्त मालाको धनीहरु मसँग बसेका छन्। निजहरुलाई फिर्ता दिनु पर्‍यो भनी धुलिखेल सालिकचोकमा बोलाएकोले उक्त माला लिई लोकेन्द्र र म्यान्डम आइते भन्ने अजय तामाङ्ग बा. ६० प ७५७२ नं. को स्कूटी लिई गएका थिए भन्ने समेत व्यहोराको प्रतिवादी लिली भन्ने जयकृष्ण श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

८. <u>प्रतिवादी रविन चौगुठीको अधिकारप्राप्त अधिकारी समक्षको बयानः</u> मिति २०७१।०३।२९ मा अं. ३:४५ बजेको समयमा ड्युटीको सिलसिलामा धुलिखेल बसपार्कमा थिएँ। सोही अवस्थामा हाल पक्राउ रहेको प्रतिवादी राजु लामाले मेरो मोबाइलमा फोन गरी टिपरमा बुद्धचित्तको माला आउँदैछ। नियन्त्रणमा लिनु पर्‍यो हामी अठ्ठाइसकिलोमा छौं भनी बताएकाले म अठ्ठाइसकिलो भन्ने ठाँउमा पुग्दा सो ठाँउमा प्रतिवादी राजु लामा, जयकृष्ण श्रेष्ठ, लोकेन्द्र तोलाङ्गे, गणेश तामाङ्ग र म्यान्डम आइते भन्ने अजय तामाङ्ग समेत थिए। निजहरुले बा. ३ ख ३९०४ नं. को टिपर आउने बेला भयो भनेपछि म मोटरसाइकल लिई का.प.जि. बनेपा न.पा. ११ बुडोल अरनिको राजमार्ग उग्रचण्डी आयलस्टोर अगाडि पुगें। त्यहाँ पुग्नासाथ उक्त टिपर आयो। सो टिपरलाई प्रतिवादी लोकेन्द्र तोलाङ्गे र म्यान्डम अजय भन्ने आइते तामाङ्ग भई रोकी टिपरलाई सडक बाहिर पार्किङ्ग गर्न लगाई चेकजाँच गर्न खोज्दा नमानेकोले मैले म जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकको प्रहरी हुँ भनेपछि टिपरबाट जाहेरवाला सहितका मानिसहरु बाहिर आए। चेकजाँच गर्ने क्रममा टिपरभित्र निलो रङ्गको झोला फेला पारी सो झोला हेर्दा बुद्धचित्तको मालाका दानाहरु रहेकोमा उक्त दानाहरु के कहाँबाट के कसरी ल्याएको अनुमतिपत्र छ, छैन भनी सोधपुछ गरी रहेको अवस्थामा झोला प्रतिवादी म्यान्डम आइते भन्ने अजय तामाङ्ग र लोकेन्द्र तोलाङ्गेले बा. ६० प ७५७२ नं. को स्कूटीमा चढी लिई भागी गएपछी जाहेरवालाले मलाई बुद्धचित्त मालाको झोला फिर्ता दिनु पर्‍यो भनी विवाद गर्न थाले। मैले राजु लामालाई फोन गरी उक्त झोला धुलिखेल सालिकचोकमा लिई आउनू म त्यहीं बसी रहेको हुन्छु भनी जाहेरवालालाई मेरो मोटरसाइकलको पछाडी

राखी सालिकचोक आई बसें। केही समयमा बा. ६० प ७५७२ नं. को स्कूटीमा उक्त बुद्धचित्त मालाको झोला लिई म्यान्डम आइते भन्ने अजय तामाङ्ग र लोकेन्द्र तोलाङ्गे समेत आए र निजहरु र म समेत भई जाहेरवालालाई झोला दिएँ। उक्त झोलामा के कती मात्रामा बुद्धचित्तको माला रहेका थिए थाहा भएन हाल आएर बुझ्दा जाहेरवालाले भक्तपुरतर्फ लैजानको लागी एक मालामा १०८ दानाहरु हुने गरी ७२ थान बुद्धचित्तका मालाहरु ल्याएका रहेछन्। सोही माला मध्येबाट प्रतिवादी लोकेन्द्र तोलाङ्गे समेतले झिकेका रहेछन्। बुद्धचित्तका मालाहरु मेरो संलग्नतामा चोरी भएको होइन। उक्त मालाको दानाहरु बोकी आउने टिपरलाई रोक्ने सम्मको कार्य गरेको हो भन्ने समेत व्यहोराको प्रतिवादी रविन चौगुठीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

९. <u>टिपर चालक रोजबहादुर तामाङ्गको कागजः</u> मैले विगत ३ महिनाअगाडी देखि बा. ३ ख ३९०४ नं. को टिपर चलाउदै आएको छु। उक्त टिपरमा मिति २०७१।०३।२९ मा सिन्धुली जिल्लाको कुशेश्वर भन्ने ठाउँबाट रोडाढुङ्गा लोड गरी भक्तपुरतर्फ लैजान भनी लिई आउने क्रममा जाहेरवाला राज दोङ्ग र निजसँगै एक जना व्यक्ति समेत भक्तपुरतर्फ जाने भनी चढी आएका थिए। दिउँसो अं. १६:०० बजेको समयमा का.प.जि. बनेपा न.पा. वडा नं. ११ बुडोलस्थित अरनिको राजमार्गमा आइपुग्दा हाल नाम थर खुलेका प्रतिवादी लोकेन्द्र तोलाङ्गे, रविन चौगुठी र फरार रही नाम थर खुल्न आएका म्यान्डम आइते भन्ने अजय तामाङ्ग समेत भई उक्त मैले चलाई ल्याएको टिपर रोके र निजहरुले जाहेरवालालाई बाहिर आउन अनुरोध गर्दा जाहेरवाला मानेनन्। पछि रविन चौगुठीले म जिल्ला प्रहरी कार्यालय काभ्रेको प्रहरी हुँ चेकजाँच गर्नु पर्‍यो भनेपछि निजहरु टिपरबाट बाहिर आए। सोही क्रममा जाहेरवालाले ल्याएको झोला प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे र म्यान्डम आइते भन्ने अजय तामाङ्गले बा. ६० प ७५७२ नं. को स्कूटीमा राखी गए र निजहरुको पछाडी बा. ३४ प ६० नं. को कालो पल्सर मोटरसाइकलमा दुईजना गए। सो पश्चात म टिपर लिई भक्तपुरतर्फ गएँ, हाल बुझ्दा निज प्रतिवादीहरुले चोरी गरी लगेको झोला जाहेरवालाले ल्याएको बुद्धचित्त मालाको दानाहरु रहेछ भन्ने समेत व्यहोराको टिपर चालक रोजबहादुर तामाङ्गको कागज।

१०. <u>टिपर चालक रोजबहादुर तामाङ्गको कागजः</u> मिति २०७१।०३।२९ मा सिन्धुली जिल्लाको कुशेश्वर भन्ने ठाउँबाट रोडाढुङ्ग लोड गरी भक्तपुरतर्फ लैजान भनी लिई आउने क्रममा जाहेरवाला राज दोङ्ग र निजसगै एक जना व्यक्ति समेत भक्तपुरतर्फ जाने भनी चढी आएको अवस्थामा दिउँसो अं. १६:०० बजेको समयमा का.प.जि. बनेपा न.पा. वडा नं. ११ बुडोलस्थित अरनिको राजमार्गमा आइपुग्दा निज जाहेरवालाले टिपरमा राखी

ल्याएको बुद्धचित्त मालाको दाना भएको झोला टिपरलाई जबरजस्ती रोकी जबरजस्ती चोरी गर्ने व्यक्तिहरु हाल मलाई देखाइएको मध्ये रविन चौगुठी र लोकेन्द्र तोलाङ्गे हुन् निजहरुलाई हेरी चिनी सनाखत समेत गरी दिए भन्ने समेत व्यहोराको बा. ३ ख ३९०४ नं. को टिपर चालक रोजबहादुर तामाङ्गले गरी दिएको सनाखत कागज।

११. **जाहेरवाला राज दोङ्गको कागजः** का.प.जि. मेच्छे गा.वि.स वडा नं. ८ स्थित मेरो ससुरा नाताका काइला लामाको खेतबारीमा उब्जनी भएको बुद्धचित्त मालाको दाना (फल) टिपी प्रशोधन गरी बिक्री वितरण गर्न भक्तपुरतर्फ लैजाने भनी एक मालामा १०८ दाना हुने गरी ७२ माला हुने बुद्धचित्त मालाको दानाहरु बोकी ज्वाई नाताका संजिव तामाङ्गको साथमा सिन्धुली जिल्लाको आँपघारी भन्ने ठाउँबाट बा. ३ ख ३९०४ नं. को टिपरमा चढी आउने क्रममा दिउँसो अं. १६:०० बजेको समयमा का.प.जि. बनेपा न.पा. वडा नं. ११ बुडोल अरनिको राजमार्गमा आइपुग्दा बा. ६० प ७५७२ नं. को स्कूटी र बा. ३४ प ६० नं. को पल्सर मो.सा. मा आएका हाल पक्राउ परेका रविन चौगुठी, लोकेन्द्र तोलाङ्गे र फरार रही नाम खुल्न आएका म्यान्डम आइते भन्ने अजय तामाङ्ग समेत भई जबरजस्ती रोकी डरत्रासमा पारी एक मालाको रु.१३,०९५।- पर्ने ७२ मालाको रु ९,४२,८,४०।- (अक्षरुपी नौ लाख बयालीस हजार पन्चानब्बे रुपैयाँ) बराबरको धनमाल चोरी गरेका हुन्। साथै हाल मलाई देखाइएका प्रतिवादी लोकेन्द्र तोलाङ्गेबाट बरामद भएको बुद्धचित्त मालाको दानाहरु देखाउँदा देख्न पाए उक्त मालाको दानाहरु निज प्रतिवादीहरुले मबाट चोरी गरेको ७२ थान बुद्धचित्त मालको दानाहरु मध्येकै हो भन्ने समेत व्यहोराको जाहेरवाला राज दोङ्गको कागज।

१२. **प्रत्यक्षदर्शी संजय तामाङ्गको कागजः** जाहेरवाला राज दोङ्गले का.प.जि. मेच्छे ८ स्थित काइला लामाको बारीमा उब्जनी भएको बुद्धचित्त माला रुखबाट फल टिपी आफनो घरमा प्रशोधन गरेका थिए, सो कामको लागि मैले समेत सहयोग गर्दै आइरहेको थिएँ। मिति २०७१।०३।२९ मा निज जाहेरवाला र म समेत एक मालाको १०८ दाना हुने गरी ७२ थान बुद्धचित्त माला झोलामा प्याक गरी बिक्री वितरण गर्नको लागि भक्तपुर जिल्लातर्फ लैजाने भनी बा. ३ ख ३९०४ नं. को टिपरमा चढी आउने क्रममा दिउसो अं. १६:०० बजेको समयमा का.प.जि. बनेपा न.पा. वडा नं. ११ बुडोलस्थित अरनिको राजमार्गमा आइपुग्दा लोकेद्र तोलाङ्गे र म्यान्डम आइते भन्ने अजय तामाङ्ग र रविन चौगुठी भई टिपर रोकी के ल्याएको भनी सोधपुछ गरे र हामीलाई डर लागी केही पनि ल्याएको छैन भन्यौं। सो पश्चात रविन चौगुठीले म जिल्ला प्रहरी कार्यालय, काभ्रेमा कार्यरत प्रहरी हुँ चेकजाँच गर्नुपर्‍यो भनी भनेको हुँदा हामीहरु ओर्लनासाथ बुद्धचित्त माला

भएको झोला लोकेन्द्र तोलाङ्गे र म्यान्डम आइते भन्ने अजय तामाङ्गले आफ्नो नियन्त्रणमा लिई बढ्ता हुने होइन, हतकडी लगाएर जिल्लामा लैजानु पर्ला भनी धाकधम्की दिई जबरजस्ती चोरी गरी बा. ६० प ७५७२ नं. को स्कूटीमा राखी लिई गएका थिए। पछि हामीहरुले रबिन चौगुठीलाई सामान फिर्ता दिन भनी आग्रह गर्दा निज पनि फरार भएका थिए। हाल आएर बुझ्दा प्रतिवादी राजु लामा, जयकृष्ण श्रेष्ठ र गणेश तामाङ्ग समेतको योजना र मिलेमतोमा उक्त बुद्धचित्त मालाको दानाहरु भएको झोला चोरी गरी लगेको थाहा भयो। यसरी निज प्रतिवादीहरुले बुद्धचित्त माला चोरी गरी लगेको हुँदा निजहरु उपर हदै सम्मको कारवाही र सजाय हुनुपर्छ भन्ने समेत व्यहोराको घटनाका प्रत्यक्षदर्शी संजय तामाङ्गको कागज।

१३. <u>काइला लामाले गरी दिएको कागजः</u> जाहेरवाला राज दोङ्गले मेरो घरबारीमा उब्जनी भएको बुद्धचित्त मालाको रुखबाट फल टिपी आफनो घरमा लगी प्रशोधन गरेका थिए। एक मालामा १०८ दाना हुने गरी ७२ थान माला हुने बुद्धचित्त मालाको दानाहरु लिई भक्तपुरतर्फ बिक्री गर्न लैजाने भनी मिति २०७१।०३।२९ मा बा. ३ ख ३९०४ नं. को टिपरमा चढी आउने क्रममा का.प.जि. बनेपा न.पा वडा नं. ११ अरनिको राजमार्गमा पर्ने बुडोल भन्ने स्थानमा आइपुग्दा प्रतिवादी रबिन चौगुठी, लोकेन्द्र तोलाङ्गे समेत भई टिपरलाई रोकी डरत्रासमा पारी जबरजस्ती उक्त बुद्धचित्त माला भएको झोला चोरी गरी लगेको हुँदा निजहरु उपर हदैसम्म कारवाही हुनु पर्दछ भन्ने समेत व्यहोराको काइला लामाले गरी दिएको कागज।

१४. <u>कल्पना दोङ्गको कागजः</u> का.प.जि. मेच्छे गा.वि.स वडा नं. ८ स्थित काइला लामाको घरबारीमा उब्जनी भएको बुद्धचित्त मालाको रुखबाट फल टिपी जाहेरवालाले आफनो घरमा लगी प्रशोधन गरेका थिए। एक मालामा १०८ दाना हुने गरी गरी ७२ थान बुद्धचित्त मालाको दानाहरु लिई भक्तपुरतर्फ बिक्री गर्न लैजाने भनी मिति २०७१।०३।२९ मा बा. ३ ख ३९०४ नं. को टिपरमा चढी आउने क्रममा का.प.जि. बनेपा न.पा. वडा नं. ११ अरनिको राजमार्गमा पर्ने बुडोल भन्ने स्थानमा आइपुग्दा प्रतिवादी रबिन चौगुठी, लोकेन्द्र तोलाङ्गे समेत भई टिपरलाई रोकी डरत्रासमा पारी जबरजस्ती उक्त बुद्धचित्त मालाको दाना भएको झोला चोरी गरी लगेको हुँदा निजहरु उपर कानून बमोजिम कारवाही हुनु पर्दछ भन्ने समेत व्यहोराको कल्पना दोङ्गको कागज।

१५. <u>पत्रः</u> एक मालामा १०८ बुद्धचित्त दाना हुन्छ। हालको चलन चल्तीको बजार भाउ अनुसार एक मालाको १४,०००।-(अक्षरुपी चौध हजार) पर्दछ जस अनुसार ७२ थान

मालाको १०,०८,०००।-(अक्षरुपी दश लाख आठ हजार) पर्ने भन्ने समेत व्यहोराको थोकर बुद्धचित्त माला एण्ड रुद्राक्ष सप्लायर्स भकुण्डेवेशी काभ्रेबाट प्राप्त भएको पत्र।

१६. **बरामदी मुचुल्काः** प्रतिवादीहरुको घरकोठा खानतलासी लिंदा अपराध सम्बद्ध प्रमाण लाग्ने चिजवस्तु फेला नपरेको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

१७. **पत्रः** बरामद गरेको सात थान मालाको आजको रेट अनुसार बजार मुल्य रु.१३,०९५।-रहेको र सात थान मालाको बजार मुल्य रु. ९१,६६५।-रहेको भन्ने समेत व्यहोराको थोकर बुद्धचित्त माला एण्ड रुद्राक्ष सप्लायर्सको मिति २०७१।०४।२२ को पत्र।

१८. **अभियोग दावीः** प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा, लिली भन्ने जयकृष्ण श्रेष्ठ, रविन चौगुठी, म्यान्डम आइते भन्ने अजय तामाङ्गले एक आपसमा मिलोमतो गरी योजना बनाई जाहेरवालाको रु. ९,४२,८४०।- (नौ लाख बयालीस हजार आठ सय चालीस) पर्ने बुद्धचित्त माला डाँका गरी लगेको तथ्य स-प्रमाण पुष्टि हुन आएकोले निज प्रतिवादीहरुलाई मुलुकी ऐन, चोरीको महलको १ र ६ नं. बमोजिमको कसूरमा जम्मा बिगो रु. ९,४२,८४०।- (नौ लाख बयालीस हजार आठ सय चालीस) कायम गरी सोही महलको १४(४) नं. बमोजिम सजाय गरी बरामद रु. ९३,३६२।५० (त्रियानव्वे हजार तीन सय बैसठ्ठी रुपैयाँ पचास पैसा) थोकर बुद्धचित्त माला एण्ड रुद्राक्ष सप्लायर्स, भकुण्डेबेसी ७, काभ्रेको मिति २०७१।०४।२२ को पत्र अनुसार बिगो कायम गरिएको मुल्य पर्ने बुद्धचित्त माला सोही महलको २१ नं. बमोजिम जाहेरवाला राज दोङ्गलाई फिर्ता दिलाई अपुग बिगो रु. ८,४९,४७७।५० (आठ लाख उनान्चास हजार चार सय सतहत्तर रुपैयाँ पचास पैसा) निज प्रतिवादीहरुबाटै सोही महलको १०(३) नं. बमोजिम जाहेरवालालाई दिलाई भराई पाउन माग दावी लिइएको तथा प्रतिवादी म्यान्डम आइते भन्ने अजय तामाङ्ग पक्राउ नपरी फरार रहेबाट निज उपर कानून बमोजिम म्याद जारी हुन समेत अनुरोध गरिएको छ। साथै, वारदातमा संलग्न विशाल तामाङ्गको यकीन वतन नखुलेको हुँदा यकीन वतन खुली आएका बखत कानून बमोजिम हुने व्यहोरा समेत अनुरोध गरिएको छ। जाहेरवाला राज दोङ्गले सम्बन्धित निकायबाट अनुमतिविना नै बुद्धचित्त मालाको ओसारपसार, बिक्री वितरण लगायतका कारोबार गरेको देखिएको हुँदा त्यसतर्फ आवश्यक अनुसन्धान गर्न लेखी पठाउने भनी निर्णय भएको व्यहोरा समेत अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको अभियोग दावी।

१९. **प्रतिवादी लोकेन्द्र तोलाङ्गेको अदालतको बयानः** २०७१ साल आषाढ २९ गते म आफ्नो घरकै पसलमा बसिरहेको अवस्थामा दिनको ४:०० बजेको समयमा जिल्ला प्रहरी

कार्यालय, काभ्रेबाट आएका प्रहरी कर्मचारीले तिम्रो नाउँमा जाहेरी छ। जिल्ला प्रहरी कार्यालय जानु पर्छ भनी भ्यानमा हाली ल्याएको हो। मैले जाहेरीमा उल्लेख गरे जस्तो बुद्धचित्त माला झोला खोसी चोरी गरेको होइन। को कसले चोरी गरे मलाई थाहा छैन। बा. ६० प ७५७२ नं. को स्कूटर मेरो भाइ रुपकको नाममा दर्ता छ। मेरा विरुद्ध किन जाहेरी दिए मलाई थाहा भएन। स्कूटर घरमा थियो। मलाई पक्राउ गरी लिइ आउँदा साथै ल्याएको हो। दशीको बुद्धचित्त माला कसका हुन् मलाई थाहा भएन। अनुसन्धान अधिकारीसमक्ष गरेको बयान व्यहोरा मलाई नसुनाई सहीछाप गर भनेकोले गरेको हुँ। उक्त दिन यस मुद्दाका अन्य प्रतिवादीहरुको मसँग भेट भएको छैन। राजु लामाले मलाई समेत पोली किन बयान दिए थाहा भएन। मैले अभियोग मागदावी बमोजिमको कसूर नगरेको हुँदा सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी लोकेन्द्र तोलाङ्गेले अदालतमा गरेको बयान।

२०. <u>प्रतिवादी जयकृष्ण श्रेष्ठको अदालतको बयानः</u> वारदात भएको भनिएको दिन म आफ्नै पसलमा व्यापार गरी बसेको थिएँ। हाल प्रस्तुत मुद्दाका जाहेरवालालाई यसअघि चिने देखेको पनि छैन। अन्य प्रतिवादीहरुलाई चिन्छु। उक्त दिन निजहरुसँग देखभेट समेत भएको छैन। मिति २०७१।०३।३० मा दिउँसो चार बजे तिरको समयमा म पसलमा बसिरहेको अवस्थामा तिमीसँग काम छ भनी प्रहरीले जि.प्र.का. मा लिई आएको हो। अभियोग पत्रमा उल्लेख गरेझैं मैले कुनै बुद्धचित्त माला डाँका चोरी समेत गरेको छैन। उक्त वस्तुका बारेमा म अनभिज्ञ छु। दशीको समान र स्कूटर को कसको हो, कहाँबाट आयो मलाई थाहा छैन। अनुसन्धानका क्रममा प्रहरीले सही गर भनी धम्की दिएकोले सहीछाप गरेको हुँ। उक्त बयान व्यहोरा नसुनाएकोले के लेखिएको छ मलाई थाहा भएन। अन्य प्रतिवादीहरुले मेरा विरुद्ध लेखाउनुपर्ने कारण नहुँदा बनावटी व्यहोरा लेखिएको हुनु पर्छ। मैले कसूर नगरेको हुँदा सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी जयकृष्ण श्रेष्ठले अदालतमा गरेको बयान।

२१. <u>प्रतिवादी रविन चौगुठीको अदालतको बयानः</u> म जिल्ला प्रहरी कार्यालय, काभ्रेमा कार्यरत प्रहरी हवल्दार हुँ। सिभिल ड्रेसमा घुमुवा प्रहरीको रुपमा ड्युटी गर्ने क्रममा प्रतिवादीहरुसँग चिनजान थियो। जाहेरवालालाई हालसम्म चिनेको छैन। वारदात भएको भनिएको दिन म दिनभरि नै कार्यालयमा नै रहेको छु। उक्त दिन जाहेरवाला तथा प्रतिवादीहरु समेतसँग मेरो भेट भएको छैन। अभियोग दावी अनुसार मैले कुनै माला चोरी डाँका समेत गरेको छैन। उक्त वस्तुका सम्बन्धमा समेत अनभिज्ञ छु। दशीका सामानका बारेमा मलाई थाहा छैन। असार २९ गतेको वारदात भनिए पनि मलाई ऐ. ३१ गते

मेरो कार्यालयमा हिरासतमा राखिएको हो। अनुसन्धानका क्रममा भएको बयान व्यहोरा यसअघि मलाई सुनाइएको थिएन। सही गर भनी प्रहरी कर्मचारीले धम्की दिएकाले सही गरेको हुँ। अन्य प्रतिवादीहरुले मेरा विरुद्ध किन लेखाए मलाई थाहा भएन। वारदातको दिन विश्व कपको फाइनल भएकोले झगडा हुन्छ भनी डिउटीमा जाँदा राजु लामासँग फोन भएको थियो। अन्यसँग भएको छैन। म सादा पोशाकको घुमुवा प्रहरी भएकाले कार्यालयका अन्य प्रहरी कर्मचारी र मेरो रिस गर्ने व्यक्तिहरुले मेरा विरुद्ध अभियोग लगाएका हुन्। अपराधबारे जानकारी लिन कार्यालय प्रमुखबाट आदेश हुँदा जाने गरेकोले उक्त दिन पनि मौखिक आदेशको भरमा गएको हुँ। लिखित आदेश थिएन। म मिति २०५८।०४।०१ देखि प्रहरी सेवा प्रवेश गरी हालसम्म सेवारत छु। राष्ट्रसेवक कर्मचारीको हैसियतले समेत मैले अपराध गर्ने व्यक्तिहरुलाई सजाय दिलाउनेमा म आफैंले कसूर नगरेको हुँदा सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी रविन चौगुठीले अदालतमा गरेको बयान।

२२. <u>प्रतिवादी राजु लामाको अदालतको बयानः</u> वारदात भएको भनिएको दिन म मेरा काकाको घर अट्ठाइस किलोमा थिएँ। प्रोजेक्टर लिन नापीमा समेत गएको हुँ। यी जाहेरवालालाई चिने देखेको समेत छैन। निजको बुद्धचित्त माला मैले चोरी डाँका गरेको पनि छैन। कसले चोरी डकैती गरे मलाई थाहा भएन। बुझिएका मानिसले किन मेरा विरुद्ध लेखाए मलाई थाहा भएन। उक्त मितिमा लोकेन्द्र तोलाङ्गे समेतसँग भेट भएको छैन। अनुसन्धानका क्रममा भएको बयान व्यहोरा मलाई नसुनाएकोले मलाई थाहा छैन। अन्य प्रतिवादीले बयान गर्दा किन मेरा विरुद्ध लेखाइदिए थाहा भएन। मैले गर्दै नगरेको कसूरमा सजाय पाउनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी राजु लामाले अदालतमा गरेको बयान।

२३. <u>जाहेरवाला राज दोङ्गको बकपत्रः</u> मिति २०७१।०३।२९ का दिन मैले टिपरमा राखी बुद्धचित्तको माला ल्याउँदै गर्दाको अवस्थामा एउटा बाइक र एउटा स्कूटरमा चढी आएका मानिसहरुले म चढी आएको टिपर बनेपा बुडोलमा डिजेल हाल्नको लागी रोकी राखेको अवस्थामा मेरो झोलामा रहेको बुद्धचित्तको माला ९०७२ दाना लुटी लगेका हुन्। बनेपा बुडोलमा रहेको पेट्रोल पम्पमा एक्कासि ४।५ जना केटाहरु आई लुटेर लगेकोले सो समयमा कती जना आएका थिए यकीन भएन। त्यस पश्चात मैले मिति २०७१।०३।२९ मा प्रहरीमा मौखिक जानकारी दिए पश्चात मिति २०७१।०४।०२ मा लिखित जाहेरी दिएको हुँ भन्ने समेत व्यहोराको जाहेरवाला राज दोङ्गले अदालतमा गरेको बकपत्र।

२४. **<u>जाहेरवाला राज दोङ्को मुलुकी ऐन, अ.बं. १३३ नं. बमोजिमको कागजः</u>** मैले मेरो ससुरा काइला तामाङ्गको बारीमा फलेको बुद्धचित्तको मालाका दाना बेच्नको लागी भक्तपुर लैजादैं गर्दा चोरी लुटपाट भएको हो। मैले उक्त मालाका दाना खरिद गरेर ल्याएको पनि होइन र यस अगाडी खरिदबिक्री गरेको पनि छैन। मैले नै स्थानिय चलन चल्तीको आधारमा रु.११,००,०००।-(एघार लाख ) कायम गरेको हुँ। बुद्धधर्मसँग सम्बन्धित भएकाले यसको बजार भनेको स्वयम्भु, बौद्धतिर हो। यो सामानको मुल्य निर्धारण गर्ने कुनै आधिकारिक निकाय छैन र यसको मुल्यको कानूनी आधार पनि छैन। मलाई उक्त सामान खरिदबिक्री गर्ने कुनै इजाजत एवं छोडपूर्जि नलिएको आधारमा प्रति किलो ७।८ रुपैयाँका दरले वन पैदावार सम्बन्धी मुद्दामा जिल्ला वन कार्यालय, काभ्रेपलाञ्चोकमा रु.१,०७०।- जरिवाना तिरी छुटेको हुँ। हाल उक्त मुद्दाको सम्वन्धमा के भइरहेको छ मलाई थाहा छैन भन्ने समेत व्यहोराको यस अदालतको आदेशानुसार जाहेरवाला राज दोङ्गले मुलुकी ऐन, अ.वं. १३३ नं. बमोजिम गरेको कागज।

२५. **<u>प्र.ना.नि. निमा बहादुर लामाको बकपत्रः</u>** मिति २०७१।०३।२९ मा म कार्यालयमा रहेको अवस्थामा यी जाहेरवाला राज दोङ्गले खबर गरेपछि मेरो कमाण्डमा घटनास्थलमा जाँदा काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ७ को अठ्ठाइसकिलो नजिक यी प्रतिवादीहरु रविन चौगुठी, लोकेन्द्र तालाङ्गे र राज तामाङ्ग समेतलाई फेला पारी लोकेन्द्र तोलाङ्गेले चलाउने गरेको बा. ६० प ७५७२ नं. को स्कूटरको डिक्कीबाट बरामदी मुचुल्कामा उल्लिखित बुद्धचित्त माला बरामद गरेको हो। अन्य प्रतिवादीहरुलाई हामीले देखेका थिएनौं भन्ने समेत व्यहोराको बरामदी मुचुल्का तयार गर्ने प्र.ना.नि. निमा बहादुर लामाले गरेको बकपत्र।

२६. **<u>प्र.स.नि. ईन्द्रमणि के.सी. को बकपत्रः</u>** मिति २०७१।०३।२९ मा म कार्यालयमै डिउटीमा रहेको अवस्थामा यी जाहेरवाला राज दोङ्गले खबर गरेपछि म सहित प्र.ना.नि. निमाबहादुर लामाको कमाण्डमा घटनास्थलमा जाँदा काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल न.पा. वडा नं. ७ को अठ्ठाइसकिलो नजिक यी प्रतिवादीहरु रविन चौगुठी, लोकेन्द्र तालाङ्गे र राज तामाङ्ग समेतलाई फेला पारी लोकेन्द्र तोलाङ्गेको स्कूटरको डिक्कीबाट बरामदी मुचुल्कामा उल्लिखित बुद्धचित्त माला बरामद गरेको हो। अन्य प्रतिवादीहरुलाई हामीले देखेका थिएनौं भन्ने समेत व्यहोराको बरामदी मुचुल्का तयार गर्ने प्र.स.नि. ईन्द्रमणि के.सी. ले गरेको बकपत्र।

२७. **<u>प्र.ज. वासुदेव खड्काको बकपत्रः</u>** प्रतिवादीहरुले बनेपा ११ बुडोलस्थित पेट्रोल पम्पबाट बुद्धचित्त माला बनाउने दाना डाँका गरी लगेकोमा धुलिखेल न.पा. ७ मा लोकेन्द्र

तोलाङ्गेले चलाउने स्कूटरको डिक्कीमा लुकाई राखेको अवस्थाका ७७२ थान बुद्धचित्त मालाका गेडाहरु बरामद भएको हो। उक्त बरामद गर्ने समयमा लोकेन्द्र तोलाङ्गे समेतका मानिसहरु थिए भन्ने समेत व्यहोराको बरामदी मुचुल्का तयार गर्ने प्र.ज. वासुदेव खड्काले गरेको बकपत्र।

२८. **कल्पना दोङ्गको बकपत्रः** घटनास्थलमा म थिइनँ। जाहेरवाला मेरो भाइ राज दोङ्गले फोन गरी मैले ल्याउँदै गरेको बुद्धचित्तको माला लुटियो भनेपछी थाहा पाएकी हुँ। त्यसको १ हप्तापछी जिल्ला प्रहरी कार्यालयमा आएकी थिएँ भन्ने समेत व्यहोराको मौकामा बुझिएकी कल्पना दोङ्गले गरेको बकपत्र।

२९. **रोजबहादुर तामाङ्गको बकपत्रः** म सिन्धुलीबाट रोडा बोकी टिपर लिएर भक्तपुर आउँदै गर्दा रोडा उठाएको ठाउँबाट करिब १ कि.मी. अगाडी बालुवा भन्ने ठाउँमा काठमाडौं जाने भनी दुईजना चढी क्याबिनको सिटमा बसेर आएकोमा माता उग्रचण्डी पेट्रोल पम्प बनेपामा तेल हाल्नको लागी गाडी रोकेको अवस्थामा एउटा स्कूटर र एउटा पल्सर बाइकमा मानिसहरु आई क्याविनमा बसेकासँग कुरा गरी उनीहरुले ल्याएको झोला झिकी गाडीमा आएका दुईजना मध्ये १ जना बाइकमा आएकासँगै गएका थिए भने एक जना बनेपामा नै झरेका थिए भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस रोजबहादुर तामाङ्गले गरेको बकपत्र।

३०. **काइला तामाङ्गको बकपत्रः** मेरो आफ्नो बारीमा फलेको बुद्धचित्तको माला मेरो कान्छी छोरीज्वाई राज दोङ्गले मिति २०७१ असार १४।१५ गतेतिर टिपेर लानुभएको हो। उहाँले प्रशोधन नगरेको बुद्धचित्तको मालाको दाना ३० किलोको चामलको बोरामा ३ बोरा लैजानु भएको हो। त्यसलाई प्रशोधन गर्दा १ बोरा जती हुन्छ। ज्वाईले लगे पश्चात के गर्नुभयो मलाई थाहा भएन भन्ने समेत व्यहोराको मौकामा कागज गर्ने काइला तामाङ्गले गरेको बकपत्र।

३१. **प्रतिवादी राजु लामाका साक्षी तस्वीर लामाको बकपत्रः** मिति २०७१।०३।२९ मा मेरो ठुलोबुबा पर्ने नरध्वज लामाको घर बनेपा अठ्ठाइसकिलोमा म र राजु लामा लगायतका साथीहरु दिउसो २ बजेदेखि साँझ १ बजेसम्म सँगै बसेका थियौं। राजु लामा राम्रो आचरणको मानिस हो। उ चोरीमा संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजु लामाका साक्षी तस्वीर लामाले गरेको बकपत्र।

३२. **प्रतिवादी जयकृष्ण श्रेष्ठ साक्षी श्रीकृष्ण श्रेष्ठको बकपत्रः** प्रतिवादी जयकृष्ण श्रेष्ठ मेरो भाइ हो मिति २०७१।०३।२९ मा उ मसँगै पसलमा थियो। उ चोरीमा संलग्न भएकै छैन भन्ने समेत व्यहोराको प्रतिवादी जयकृष्ण श्रेष्ठका साक्षी श्रीकृष्ण श्रेष्ठले गरेको बकपत्र।

३३. **प्रतिवादी लोकेन्द्र तोलाङ्गेका साक्षी गोपी भन्ने चुत्र बहादुर तोलाङ्गेको बकपत्रः** प्रतिवादी लोकेन्द्र तोलाङ्गे सरस्वती बजारमा जुत्ताको व्यापार गरी खाने मानिस हो। उ र म मिति २०७१।०३।२९ को बेलुकीपख चिया खाई बसेका थियौं। उ चोरी गर्ने मानिस होइन र यो चोरीमा पनि संलग्न छैन भन्ने समेत व्यहोराको प्रतिवादी लोकेन्द्र तोलाङ्गेको साक्षी गोपी भन्ने चुत्र बहादुर तोलाङ्गेले गरेको बकपत्र।

३४. **प्रतिवादी रविन चौगुठीका साक्षी रमेश चौगुठीको बकपत्रः** प्रतिवादी रविन चौगुठी मिति २०७१।०३।२९ मा अफिसको कामले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जानुभएको थियो। सो कुरा उहाँले मलाई दिउसो फोन गरी बताउनुभएको थियो। उहाँलाई बुद्धचित्तको माला भनेको के हो, सो सामान के प्रयोजनको लागि प्रयोग हुन्छ भन्नेसम्म थाहा छैन। उहाँलाई मैले बच्चैदेखि चिन्दछु उहाँ चोरीमा संलग्न हुने मानिस होइन भन्ने समेत व्यहोराको प्रतिवादी रविन चौगुठीका साक्षी रमेश चौगुठीले गरेको बकपत्र।

३५. **बिकु लामाको बकपत्रः** मेरो बुद्धचित्तको माला ब्यापार गर्ने पुर्खौली पेशा हो। मैले २०६८ सालदेखि थोकर बुद्धचित्त माला एण्ड रुद्राक्ष सप्लायर्स, भकुण्डेबेस ७ काभ्रेपलाञ्चोक नामक संस्था दर्ता गरी व्यापार सञ्चालन गर्दै आइरहेको छु। मैले जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकको पत्रको आधारमा बुद्धचित्त मालाको मुल्य स्थानिय बजारको मुल्यका आधारमा मुल्याङ्कन गरी पठाइदिएको हुँ। मैले पठाएको पत्रमा एउटा मालाको मुल्य रु.१३,०९५।- र ७ वटा मालाको मुल्य रु.९१,६६५।- मुल्य कायम गरी पठाइदिएको हो। मालाको त्यत्ति नै मुल्य पर्ने हो। नउनेको गेडाहरु माला बनाउन उन्दा करिब ४० प्रतिशत खेर जान्छ भन्ने समेत व्यहोराको बुझिएका मानिस बिकु लामाले गरेको बकपत्र।

३६. **संजय तामाङ्गको बकपत्रः** मिति २०७१।०३।३१ मा बुद्धचित्तका माला बरामद भएको हो। सो कुरा राज दोङ्गले मलाई फोन गरे पश्चात थाहा पाएको हुँ। घटना घटेको दिन म बनेपामा गई झरेको हुँ भने स्कूटरमा चढी जाने ब्यक्ति राज दोङ्ग हुन् भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्काका मानिस संजय तामाङ्गले गरेको बकपत्र।

३७. **दलमान थोकरको बकपत्र:** मिति २०७१।०३।३१ मा लोकेन्द्र तोलाङ्गेले चलाउने बा. ६० प ७५७२ नं. को मोटरसाइकलबाट बुद्धचित्तका मालाको दाना बरामद भएको हो। बरामदी मुचुल्का हुँदा मैले बुद्धचित्तको माला देखेको थिइनँ भन्ने समेत व्यहोराको बरामदी मुचुल्काका मानिस दलमान थोकरले गरेको बकपत्र।

३८. **शुरु फैसला:** प्रतिवादी मध्येका म्यान्डम आइते भन्ने अजय तामाङ्ग म्यादमा हाजिर नभई फरार रहेको अवस्था हुँदा निजको हकमा मुलुकी ऐन, अ.बं. १९० नं. बमोजिम मुल्तवीमा राखिदिएको छ। प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, रविन चौगुठी, राज दोङ्ग र जयकृष्ण श्रेष्ठले मुलुकी ऐन, चोरीको महलको १ र ६ नं. बमोजिमको कसूर गरेको ठहरी बिगो रु.९१,६६५।- कायम गरी निजहरुलाई सोही महलको १४(४) नं. बमोजिम जनही ६ (छ) वर्ष कैद र रु.१,३७,४९७।५० (एकलाख सैंतीस हजार चार सय सन्तानब्बे रुपैयाँ पचास पैसा) जरिवाना हुने ठहर्छ भन्ने समेत शुरु काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७२।०३।२२ मा भएको फैसला।

३९. **प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा, लिली भन्ने जयकृष्ण श्रेष्ठ र रविन चौगुठीको तर्फबाट तत्कालिन पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन:** प्रस्तुत मुद्दाको जाहेरी दरखास्तमा ५ जना प्रतिवादीको नाम लेख्नु बाहेक डाँका शब्दसम्म उच्चारण गरिएको छैन भने हतियार प्रयोग गरेको, जबरजस्ती गरेको, हुल हुज्जत गरेको संकेतसम्म जाहेरवालाले उल्लेख गर्न सकेको छैन। बरामदी मुचुल्कामा सार्वजिनक बाटोमा बरामद गरिएको कुरा उल्लेख छ तर बरामदी मुचुल्कामा सही गर्ने प्र.ज. वासुदेव खड्काले अदालतमा आई बकपत्र गर्दा काठमाडौं विश्वविद्यालयको प्राङ्गणमा बरामद भएको भनी बकपत्र गरेका छन्। परस्पर विवादास्पद अभिव्यक्ति वादीका साक्षीहरुले व्यक्त गरेको हुँदा न्यायको दृष्टिमा कदापि प्रमाणयोग्य हुन सक्दैन। जाहेरवालाले अदालतमा आई बकपत्र गर्दा मोटरसाइकलमा र स्कूटरमा यत्ति जना आएको भनी यकीन गर्न सक्दिन, त्यही बुद्धचित्त मालाको गेडा सम्बन्धमा इजाजत नभई काम गरेकोले वन मुद्दा लागेको र रु.१,०७०।- जरिवाना भएको, जाहेरी मिति २०७१।०४।०२ मा दिएको, टिपरको ढोका खोल्ने मानिस र झोला खोस्ने मानिस यकीन गर्न सक्दिन, १०८ गेडाको दरले १२ माला फिर्ता पाएँ, प्रतिवादीलाई चिनेको छैन, प्रतिवादीहरुको नाम पनि थाहा छैन भनी बकपत्र गरेको अवस्था छ। उक्त बुद्धचित्त मालाको गेडा सम्बन्धमा वन कार्यालयसँग सोधेको जवाफमा यकीन मुल्य थाहा नभएको भन्दै यस कार्यालयबाट प्रतिकिलो रु.८।- सरकारी मुल्य रहेको भनी जानकारी गराएको अवस्थामा के आधारबाट बिगो कायम भएको हो स्पष्ट छैन्, वादीले प्रस्तुत गरेको शंकास्पद प्रमाणहरु र मुल्य

कायम गर्ने कुनै कानूनी अधिकार नै नभएका थोकर बुद्धचित्त तथा माला सप्लायर्सको व्यक्तिले अनाधिकार रुपमा लेखाई दिएको मुल्यलाई आधार लिई डाँका जस्तो जघन्य अपराधमा हामी उपर गरेको कैद तथा जरिवाना कानूनी आधार तथा सिद्धान्त समेतले मिल्ने होइन। काभ्रेपलाञ्चोक जिल्ला अदालतले हामी प्रतिवादीहरुलाई कैद तथा जरिवाना गर्ने गरी भएको डाँका मुद्दाको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा, लिली भन्ने जयकृष्ण श्रेष्ठ र रविन चौगुठीको तर्फबाट तत्कालिन पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन।

४०. <u>वादी नेपाल सरकारको तर्फबाट तत्कालिन पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदनः</u> यी प्रतिवादीहरुले जाहेरवालाको बुद्धचित्त दानाको ७२ थान मालाको रु.९,४२,८४०।- बराबरको धनमाल डाँका गरी लेगेको कुरा जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, डाँका गरेको धनमाल मध्येको ७७० बुद्धचित्तको दाना बरामद भएको भन्ने समेत व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का, प्रतिवादीहरुको मौकाको साविती बयान, जाहेरवाला तथा बुझिएका मानिसहरुको कागज तथा बकपत्र समेतबाट पुष्टि भएको छ। डाँका गरी आएकामध्ये केही प्रतिवादी भागेको र केही प्रतिवादी पक्राउ परेकोमा सबै डकैती भएको धनमाल बरामद हुन नसक्नु स्वभाविक हो। तसर्थ, प्रतिवादीहरुलाई बरामद बाहेकको बिगो तर्फको दावी नपुग्ने ठहरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएकोले अभियोग माग दावी भन्दा कम सजाय गर्ने ठहरी शुरु काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला बदर गरी प्रतिवादीहरुलाई अभियोग माग दावी बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट तत्कालिन पुनरावेदन अदालत पाटनमा परेको पुनरावेदन।

४१. <u>तत्कालिन पुनरावेदन अदालत पाटनको आदेशः</u> यसमा बरामद भएको बुद्धचित्तको दानाको मुल्याङ्कनको आधार बारेमा शुरु फैसला विचारणीय देखिएको र शुरु फैसला उपर वादी नेपाल सरकार र प्रतिवादीको पुनरावेदन परेको पुनरावेदनको जानकारी एक अर्को पक्षलाई दिई नियमानुसार गरी पेश गर्नू भन्ने समेत तत्कालिन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।०८।२८ मा भएको आदेश।

४२. <u>तत्कालिन पुनरावेदन अदालत पाटनको फैसलाः</u> वादी नेपाल सरकार तर्फबाट जाहेरीमा लेखिए बमोजिमको बिगो स्थापित हुन नसकेको तथा बुद्धचित्त माला भएको झोला खोसी लगेको भन्नेसम्म देखिएको अवस्थामा प्रतिवादीहरुलाई डाँका जस्तो गम्भीर अपराधको दोषी कायम गर्न मिल्ने नदेखिँदा वारदातको प्रकृतिबाट मुलुकी ऐन, चोरीको महलको ६

नं. को कसूर पुष्टि नभएको अवस्थामा पनि प्रतिवादीहरुलाई ऐ. महलको १४(४) नं. बमोजिम सजाय गर्ने गरी भएको काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७२।०३।२२ को फैसला नमिलेकोले केही उल्टी भई पुनरावेदक प्रतिवादीहरुलाई चोरीको महलको १ नं. को कसूरमा ऐ. १२ नं. बमोजिम बिगो रु. ९१,६२५।- को बुद्धचित्त माला चोरी गरेकोमा सोही नं. अनुसार जनही बिगो बरावर जरिवाना र १ (एक) महिना कैद हुने ठहर्छ। पूर्णतः सफाई हुनपर्ने भन्ने प्रतिवादीहरुको र अभियोग दावी बमोजिमको बिगो कायम हुनु पर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने समेत तत्कालिन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।०२ मा भएको फैसला।

४३. <u>प्रतिवादी रविन चौगुठीको तर्फबाट यस अदालतमा परेको पुनरावेदनः</u> म पेशाले घुमुवा प्रहरी हवल्दार भई कार्यरत रहेको अवस्थामा मैले चोर्नैं पर्ने कुनै पनि आधारहरु छैन। मैले आफ्नो कर्तव्य सम्म निर्वाह गरेको हो। जाहेरवाला राज दोङ्गले जाहेरी दरखास्तमा जिल्ला प्रहरी कार्यालय काभ्रेमा कार्यरत प्रहरी हवल्दार रविन चौगुठी समेत भई टिपरलाई एक्कासि बाटो छेकी रोकी ढोका खोली मलाई जबरजस्ती तानी ओराली मैले बिक्री गर्न भनी ल्याएको झोलामा रहेको बुद्धचित्त मालाको दानाहरु भएको झोला जबरजस्ती खोसी चोरी गरी लगेको भनी भनेकोमा अदालत समक्ष गरेको बयानमा मिति २०७१।०३।२९ को दिन टिपरमा राखी बुद्धचित्तको माला ल्याउदै गर्दाको अवस्थामा एउटा बाइक र एउटा स्कूटरमा चढी आएका मानिसहरुले म चढी आएको टिपर बनेपा बुडोलमा डिजेल हाल्नको लागी रोकी राखेको अवस्थामा मेरो झोलामा रहेको बुद्धचित्तको माला लुटी लगेको भनेर विरोधाभाषपूर्ण कुरा गरेको अवस्था छ। मैले उक्त बुद्धचित्त लुट्न पर्ने सम्मको कारण मिसिल संलग्न कुनै पनि कागजातहरुले देखाउन खुल्न सकेको अवस्था छैन। यस मुद्दामा मलाई झुट्टा मुद्दामा फसाइएको कुरा प्रष्ट रहे छ। प्रस्तुत यस मुद्दामा मेरो साक्षी रमेश चौगुठीले अदालतमा आई गरेको बकपत्रलाई अदालतले ग्रहण गरेको छैन। जनतालाई शान्ति सुरक्षा प्रदान गर्ने जिम्मेवार काम निर्वाह गरिरहेको व्यक्तिलाई आफ्नो कर्तव्य पालना गरेको अवस्थामा यस मुद्दामा योजनाबद्ध रुपमा फसाउन खोजेको बाहेक यस मुद्दाको अरु कुनै उद्देश्य नरहेको कुरा वस्तुगत एवं निश्चयात्मक प्रमाण जुटाउन नसकेको कारणबाट प्रष्ट हुन जाने भएकोले मलाई यो मुद्दाबाट सफाई दिनु पर्नेमा चोरीतर्फ कसूर गरेको ठहर गरेको फैसला मिलेको नहुँदा अभियोग दाबीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी रविन चौगुठीको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

४४. <u>**वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनः**</u> जाहेरवाला राज दोङ्गले बकपत्र गर्दा मेरो झोलाको बुद्धचित्त माला जबर्जस्ती लुटी प्रतिवादीहरुले लगेका हुन भनी जाहेरी दरखास्त सनाखत गर्दै आफ्नो ९,०७२ दाना बुद्धचित्त मालाको जवर्जस्ती डाँका गरी लगेको र मालाको मुल्य रु. ९,४२,८४०।- पर्दछ भनी स्पष्ट रुपमा लेखाएको अवस्था छ। जाहेरवालाले ४।५ जनाको संख्यामा आएको भनी बकपत्रमा लेखाएको व्यहोरा हेर्दा स्वभाविक रुपमा ४ जना भन्दा बढिको संख्यामा उपस्थित भई प्रतिवादीहरुले डाँकाको वारदात घटाएको पुष्टि भएको देखिन्छ। प्रतिवादीहरुले जाहेरवालालाई अभियोग दावी वमोजिमको बिगो चोरी गरी अभियोग दावी बमोजिमको कसूर गरेको स्पष्ट देखिँदादेखिँदै सोको तथ्यपरक विश्लेषण नगरी प्रत्यक्ष कानूनी त्रुटि समेत गरी डाँका वारदातलाई साधारण चोरीको वारदातमा परिणत गरी बिगो समेत घटाई प्रतिवादीहरुलाई अभियोग दावीभन्दा घटी सजाय गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको त्रुटिपूर्ण फैसला बदर गरी निज प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालालाई माग बमोजिम बिगो दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन।

४५. <u>**यस अदालतको आदेशः**</u> यसमा पुनरावेदन अदालत पाटनबाट भएको मिति २०७२।११।०२ को फैसला उपर पुनरावेदक प्रतिवादी रविन चौगुठी र पुनरावेदक वादी नेपाल सरकारको समेत गरी दोहोरो पुनरावेदन परेको देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ दुवै पक्षको पुनरावेदन परस्परमा जानकारी गराउनू साथै रविन चौगुठी बाहेकका नेपाल सरकारको पुनरावेदनमा प्रत्यर्थी कायम गरिएका अन्य प्रतिवादीहरुलाई समेत छलफलको लागि झिकाई आएपछि नियमानुसार पेश गर्नू भन्ने समेत यस अदालतबाट मिति २०७६।०३।२४ मा भएको आदेश।

## <u>ठहर खण्ड</u>

४६. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितको मिसिल अध्ययन गरी हेरियो।

४७. पुनरावेदक प्रतिवादी रविन चौगुठीको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता डा. श्री प्रभाकर खनालले मेरो पक्ष पेशाले घुमुवा प्रहरी हुन्। निजले आफ्नो कर्तव्य निर्वाहको क्रममा जाहेरवालाले टिपरमा लिई आएको बुद्धचित्त माला कुनै प्रतिबन्धित वस्तु हो कि भनी चेकजाँच सम्म गरेको हो। चेकजाँच गर्दा जाहेरवालाले कुनै प्रतिबन्धित समान बोकेको नपाएपछि मेरो पक्षले आफ्नो बाटो लागेको अवस्था हो। मेरो पक्षले

जाहेरवालाको सामान चोर्ने डाँका गर्ने केही गरेको होइन। तत्पश्चात् अन्य प्रतिवादीहरु तथा जाहेरवालाले के-के गरे मेरो पक्षलाई कुनै जानकारी छैन। मेरो पक्षलाई झुट्टा मुद्दामा फसाउन यस्तो आरोप लगाइएको देखिन्छ। जाहेरवालाले नै जाहेरी तथा बकपत्रमा फरक-फरक कुरा गरेको देखिन्छ। राष्ट्रसेवा गर्ने मेरो पक्षलाई अनुमान र शंकाको भरमा कसूरदार ठहर गर्दा अन्याय पर्न जाने हुन्छ। निजले आफ्नो नोकरीबाट नै बिदा हुनुपर्ने अवस्था हुन्छ। त्यसकारण प्रस्तुत मुद्दामा मेरो पक्षलाई अभियोगबाट सफाई प्रदान गरिनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

४८. पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइँटेलले, जाहेरवालाले बकपत्र गर्दा प्रतिवादीहरुले डाँका गरी लगेको बुद्धचित्त मालाको मुल्य रु.९,४२,८४०।- पर्दछ भनी स्पष्ट रुपमा लेखाएको अवस्था छ। प्रतिवादीहरु चार पाँच जना भई बुद्धचित्त डाँका गरी लगेको तथ्य वारदातको प्रकृतिबाटै पुष्टि भएको देखिन्छ। यस्तो अवस्थामा पनि डाँकाको वारदातलाई साधारण चोरीको वारदातमा परिणत गरी बिगो समेत घटाई प्रतिवादीहरुलाई अभियोग दावीभन्दा घटी सजाय गर्ने गरी भएको तत्कालिन पुनरावेदन अदालत पाटनको फैसला मिलेको छैन। तसर्थ, उक्त फैसला बदर गरी प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालालाई माग बमोजिम रु.९,४२,८४०।- बिगो कायम गरिनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

४९. यस इजलासबाट पटक-पटक पुकार गर्दा पनि यस अदालतले तोकी दिएको तारेख गुजारी बसेका प्रत्यर्थी प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा र जयकृष्ण श्रेष्ठको तर्फबाट निजहरु स्वयं वा निजहरुको कोही प्रतिनिधिको यस इजलास समक्ष उपस्थिति हुन सकेन।

५०. यी पुनरावेदक प्रतिवादी रविन चौगुठी तथा प्रत्यर्थी प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा र जयकृष्ण श्रेष्ठ समेतलाई साविक मुलुकी ऐन, चोरीको महलको १ र ६ नं. को कसूरमा रु.९,४२,८४०।- बिगो कायम गरी सोही महलको १४(४) नं. बमोजिम सजाय गरिपाउँ भन्ने समेत व्यहोराको अभियोग दावी रहेको प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादी रविन चौगुठी समेतलाई साविक ऐ. महलको १ र ६ नं. को कसूरमा सोही महलको १४(४) नं. बमोजिम जनही ६ वर्ष कैद र रु.१,३७,४९७।५० जरिवाना हुने ठहर गरी शुरु काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट फैसला भएको पाइन्छ। शुरु फैसला उपर चित्त नबुझाई, उक्त शुरु फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भनी यी पुनरावेदक प्रतिवादी रविन चौगुठी समेतको तर्फबाट र प्रतिवादीहरुलाई अभियोग माग

दावीभन्दा कम सजाय गर्ने गरी भएको शुरु फैसला बदर गरी प्रतिवादीहरुलाई अभियोग माग दावी बमोजिम सजाय गरी पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट तत्कालिन पुनरावेदन अदालत पाटनमा दोहोरो पुनरावेदन परेकोमा शुरु फैसला केही उल्टी गरी यी पुनरावेदक प्रतिवादी रविन चौगुठी समेतलाई ऐ. महलको १ नं. को कसूरमा ऐ. महलको १२ नं. बमोजिम बिगो रु. ९१,६२५।– को बुद्धचित्त माला चोरी गरेकोमा जनही बिगो बराबर जरिवाना र एक महिना कैद हुने ठहर गरी तत्कालिन पुनरावेदन अदालत पाटनबाट फैसला भएको पाइन्छ।

५१. उक्त पुनरावेदन अदालतको फैसला उपर असहमती जनाउँदै, आफ्नो पेशाको कर्तव्य पालना गरेको अवस्थामा मलाई झुट्टा अभियोग लगाइएको हुँदा सफाई दिनु पर्नेमा कसूरदार ठहर गरेको फैसला मिलेको नहुँदा अभियोग दाबीबाट सफाई पाउँ भनी प्रतिवादी रविन चौगुठीको तर्फबाट र वारदातको प्रकृतिबाटै प्रतिवादीहरुले डाँकाको कसूर गरी अभियोग दावी बमोजिमको बिगो प्रमाणित हुँदाहुँदै पनि डाँका वारदातलाई साधारण चोरीको वारदातमा परिणत गरी बिगो समेत घटाई प्रतिवादीहरुलाई अभियोग दावीभन्दा घटी सजाय गर्ने गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी निज प्रतिवादीहरुलाई अभियोग दावी बमोजिम सजाय गरी जाहेरवालालाई माग बमोजिम बिगो दिलाई भराई पाउँ भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालत समक्ष दोहोरो पुनरावेदन परेकोमा यस अदालतबाट छलफलको लागि प्रत्यर्थी झिकाउने आदेश भई आज निर्णयार्थ यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मुलतः देहायका प्रश्नहरुको सम्बन्धमा न्याय निरुपण गर्नुपर्ने देखिन आयोः-

(क) प्रस्तुत वारदात कसूरजन्य प्रकृतिको हो, होइन? हो भने वारदात साधारण चोरीको हो वा जबरजस्ती चोरी वा डाँकाको हो?

(ख) पुनरावेदक प्रतिवादी रविन चौगुठीको प्रस्तुत कसूरजन्य कार्यमा संलग्नता देखिन्छ, देखिँदैन? देखिन्छ भने निजको के कस्तो संलग्नता हो ?

(ग) प्रस्तुत मुद्दाको बिगो अभियोग दावी बमोजिम रु.९,४२,८४०।– कायम हुनुपर्ने हो, होइन? अर्थात् प्रस्तुत मुद्दामा के कति बिगो कायम हुने हो?

(घ) प्रतिवादी रविन चौगुठी तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? अर्थात् तत्कालिन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।०२ मा भएको फैसला मिलेको छ, छैन?

५२. सर्वप्रथम, प्रस्तुत मुद्दाको वारदात कसूरजन्य प्रकृतिको हो, होइन? हो भने प्रस्तुत वारदात साधारण चोरीको हो वा जबरजस्ती चोरी वा डाँकाको वारदात के हो? भन्ने पहिलो प्रश्नका सम्बन्धमा विचार गर्दा, साविक मुलुकी ऐन, चोरीको महलको १ नं. मा रहेको कानूनी प्रावधान हेर्दा, *"आफ्नो हक नपुग्ने अचल भै रहेकोलाई चलको हिसाब गराई वा चल धनमाल समेत हक पुग्ने धनीलाई थाहा नदिई वा उसको मन्जूरी नली धनीको हक मेटाई आफूले लिना खानाका लागि जुनसुकै कुरो गरी बेइमानीका नियतले कसैले लग्यो भने चोरी गरेको ठहर्छ"* भन्ने व्यवस्था भएको पाइन्छ। प्रस्तुत मुद्दामा मिति २०७१।०३।२९ को दिन बनेपा बुडोलस्थित अरनिको राजमार्गमा यी पुनरावेदक प्रतिवादी रविन चौगुठी तथा प्रत्यर्थी प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा र जयकृष्ण श्रेष्ठ समेतले टिपरको बाटो छेकी मेरो रु.९,४२,८४०।- मुल्य पर्ने बुद्धचित्त १०८ को दरले ७२ माला जबरजस्ती चोरी गरी लगेको भनी प्रस्तुत मुद्दाको जाहेरी दरखास्त परेको देखिन्छ। बा. ६० प ७५७२ नं. को स्कूटर चलाई आएका चालक लोकेन्द्र तोलाङ्गेलाई नियन्त्रणमा लिई खानतलासी गर्दा स्कूटरको डिक्कीबाट ७७० दाना बुद्धचित्त बरामद भएको भन्ने बरामदी मुचुल्का रहेको देखिन्छ। उल्लिखित जाहेरी दरखास्त तथा बरामदी मुचुल्काको व्यहोरालाई समर्थन हुने गरी जाहेरवाला लगायतले अदालतमा आई बकपत्र समेत गरिदिएको पाइन्छ। यसरी उक्त वारदातमा जाहेरवालाको बुद्धचित्त माला चोरी भए पछि ७७० दाना बुद्धचित्त बरामद समेत भएको भन्ने देखिन्छ।

५३. यी पुनरावेदक प्रतिवादी रविन चौगुठी तथा प्रत्यर्थी प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा र जयकृष्ण श्रेष्ठले अदालतमा बयान गर्दा वारदातको दिन अन्यत्रै रहेको भनी अभियोगमा ईन्कारी रहेको पाइन्छ। तथापि, निजहरुको अधिकारप्राप्त अधिकारी समक्षको बयान हेर्दा, वारदातको दिन रविन चौगुठी, जयकृष्ण श्रेष्ठ, राजु लामा र म्यान्डम आइते भन्ने अजय तामाङ्गले बा. ३ ख ३९०४ नं. को टिपरमा बुद्धचित्त माला आएको छ, उक्त मालाहरु चोरी गर्नुपर्छ भनी वारदात स्थलमा कुरी बसेकोमा उक्त टिपर आएपछि टिपरका मान्छेलाई बाहिर आउन भन्दा नमानेको र प्रतिवादी रविन चौगुठीले म प्रहरी हुँ भनेपछि बाहिर आएका; त्यसपछि टिपरभित्र रविन चौगुठी र म्यान्डम आइते भन्ने अजय तामाङ्ग छिरी चेकजाँच गर्दा फेला परेको बुद्धचित्त माला रहेको झोला मैले बोकी मेरो बा. ६० प ७५७२ नं. को स्कूटीमा म्यान्डम आइते भन्ने अजय तामाङ्गले चलाई म पछाडि बसी वारदात स्थलबाट भागी चोरीको बुद्धचित्त माला मध्ये एक हेल्मेट मालाको दानाहरु बिक्री गरेको र बाँकी ७७० दाना बुद्धचित्त माला सहित पक्राउ परेको भनी प्रतिवादी लोकेन्द्र तोलाङ्गेले बयान गर्दा व्यहोरा लेखाइदिएको देखिन्छ। अर्का प्रतिवादीहरु राजु लामा र

जयकृष्ण श्रेष्ठले, निजहरु बा. ३४ प ३३ नं. को पल्सर मोटरसाइकलमा वारदात स्थलमा रहेको भनी प्रतिवादी लोकेन्द्र तोलाङ्गेको बयान समर्थन हुने गरी व्यहोरा लेखाइदिएको देखिन्छ। यी पुनरावेदक प्रतिवादी रविन चौगुठीले, प्रतिवादी राजु लामाले बुद्धचित्त नियन्त्रण गर्न भनी फोनबाट बोलाए बमोजिम वारदात स्थलमा गएको, टिपर चेकजाँच गरेको, टिपरभित्र झोलामा बुद्धचित्त फेला परेकोमा उक्त झोला लिई प्रतिवादी म्यान्डम आइते भन्ने अजय तामाङ्ग र लोकेन्द्र तोलाङ्गेले बा. ६० प ७५७२ नं. को स्कूटीमा भागी गएको भनी व्यहोरा लेखाइदिएको देखिन्छ।

५४. यसरी, प्रतिवादीहरुको अधिकारप्राप्त अधिकारी समक्ष र अदालत समक्ष दुई फरक-फरक किसिमको बयान व्यहोरा रहेको देखिँदा त्यसको सत्यतालाई अन्य प्रमाणको रोहबाट दृष्टिगत गर्दा, जाहेरवालाले ल्याएको झोला प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे र म्यान्डम आइते भन्ने अजय तामाङ्गले बा. ६० प ७५७२ नं. को स्कूटीमा राखी गए भनी टिपर चालक रोजबहादुर तामाङ्गको अनुसन्धानको क्रममा कागज गरिदिएको देखिन्छ भने निजले गरेको सनाखत कागज व्यहोरा हेर्दा, टिपरलाई जबरजस्ती रोकी बुद्धचित्त माला जबरजस्ती चोरी गर्ने व्यक्तिहरु हाल मलाई देखाइएको मध्ये रविन चौगुठी र लोकेन्द्र तोलाङ्गे हुन् निजहरुलाई हेरी चिनी सनाखत समेत गरिदिएको देखिन्छ। प्रत्यक्षदर्शी संजय तामाङ्गको अनुसन्धानको कागजको व्यहोरा हेर्दा, रविन चौगुठीले म प्रहरी हुँ चेकजाँच गर्नुपर्‍यो भनी भनेको हुँदा हामीहरु ओर्लनासाथ बुद्धचित्त माला भएको झोला लोकेन्द्र तोलाङ्गे र म्यान्डम आइते भन्ने अजय तामाङ्गले आफ्नो नियन्त्रणमा लिई बढ्ता हुने होइन, हतकडी लगाएर जिल्लामा लैजानु पर्ला भनी धाकधम्की दिई जबरजस्ती चोरी गरी बा. ६० प ७५७२ नं. को स्कूटीमा राखी लिई गएका थिए भनी उल्लेख गरिदिएको देखिन्छ। जाहेरवाला राज दोङ्गले आफ्नो बुद्धचित्त चोरी भएकोले जाहेरी दरखास्त दिएको भनी अदालतमा आई बकपत्र गरेको पाइन्छ।

५५. काभ्रेपलाञ्चोक जिल्ला, धुलिखेल न.पा., वडा नं. ७ को अठ्ठाइसकिलो नजिक प्रतिवादीहरु रविन चौगुठी, लोकेन्द्र तालाङ्गे र राज तामाङ्ग समेतलाई फेला पारी लोकेन्द्र तोलाङ्गेले चलाउने गरेको बा. ६० प ७५७२ नं. को स्कूटरको डिक्कीबाट बरामदी मुचुल्कामा उल्लिखित बुद्धचित्त माला बरामद गरेको हो भनी बरामदी मुचुल्का तयार गर्ने प्र.ना.नि. निमा बहादुर लामा, प्र.स.नि. ईन्द्रमणि के.सी. समेतले अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ। मिति २०७१।०३।३१ को बरामदी मुचुल्का साँचो हो भनी बरामदी मुचुल्काका मानिसहरु भुवन तोलाङ्गे, दलमान थोकर र संजय तामाङ्गले अदालतमा आई बकपत्र गरिदिएको पाइन्छ। माता उग्रचण्डी पेट्रोल पम्प बनेपामा तेल हाल्नको लागी

गाडी रोकेको अवस्थामा एउटा स्कूटर र एउटा पल्सर बाइकमा मानिसहरु आई गाडीमा ल्याएको झोला झिकी गएका भनी टिपर चालक रोजबहादुर तामाङ्ले बकपत्र गरिदिएको पाइन्छ। उल्लिखित तथ्यहरुबाट यी प्रतिवादीहरुको अदालत समक्षको ईन्कारी बयान व्यहोरा समर्थित नभै निजहरुको अधिकारप्राप्त अधिकारी समक्षको बयान व्यहोरा नै समर्थित भैरहेको देखिँदा निज प्रतिवादीहरुबाट कसूरजन्य कार्य भएको पुष्टि हुन्छ। प्रतिवादी रविन चौगुठी लगायतका अन्य प्रतिवादीहरुले वारदातका बेला आफूरु वारदातस्थलमा नभएको भनी **alibi** को जिकिर लिएको देखिन्छ। यद्दपी उक्त अन्यत्र भएको दावी पुष्टि हुने कुनै भरपर्दो प्रमाण पेश गर्न सकेको देखिँदैन। यदि कुनै प्रतिवादीले आफूले लिएको अन्यत्र भएको **alibi** को दावी पुष्टि गर्न नसकेमा त्यस्तो दावी निजकै विरुद्धमा लाग्न सक्ने सम्बन्धमा यस अदालतबाट व्याख्या भई सकेको पाइन्छ।[1] यस अवस्थामा प्रतिवादीहरुले जाहेरवालासँग रहेको निजको हकको बुद्धचित्त निजको मन्जूरी नलिई बेइमानीका नियतले लगेको स्थापित भएको देखिँदा प्रस्तुत मुद्दाको वारदात सोही १ नं. बमोजिम कसूरजन्य कार्य हो, होइन भन्ने सम्बन्धमा विवेचना गर्नुपर्ने देखियो।

५६. अब, उक्त चोरीको वारदात के कुन किसिमको कसूरजन्य कार्य हो भनी हेर्दा, प्रस्तुत वारदात डाँकाको वारदात भन्ने अभियोग दावी रहेको देखिन्छ। साविक मुलुकी ऐन, चोरीको महलको ६ नं. मा, ***"चारजना भन्दा बढ्ताको जमात भई जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हूलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ"*** भनी उल्लेख भएको पाइन्छ। जबरजस्ती चोरीमा कुटपीट हातपात गरी वा डरत्रासमा पारी वा ढोका बन्द गरी थुनी वा जोरजुलुम गरेको हुनुपर्ने अथवा नाबालकको जिउको धनमाल खोसी चोरी गरेको हुनुपर्ने भनी ऐ. महलको ४ नं. मा उल्लेख भएको पाइन्छ। ऐ. महलको ५ नं. ले बाटोघाटो वा जङ्गलमा ढुकी जबरजस्ती चोरी गरेको रहजनी ठहर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। डाँका हुनका लागि भने ४ जनाभन्दा बढी अर्थात् कम्तिमा ५ जना संलग्न भई जबरजस्ती वा रहजनी चोरी गरेको वा हातहतियारको प्रयोग वा हूलहुज्जत गरी चोरी गरेको हुनुपर्ने कानूनको शर्त रहेको पाइन्छ। प्रस्तुत मुद्दामा ४ जना प्रतिवादीहरु सम्म रुजु रहेको देखिँदा उक्त वारदातमा ५ जना प्रतिवादीहरुको संलग्नता रहेको भन्ने अभियोग दावी पुष्टि भैसकेको अवस्था देखिँदैन। प्रस्तुत वारदात राजमार्गमा भएको भन्ने देखिए तापनि उल्लिखित चोरीको महलको ४ नं. बमोजिम जबरजस्ती चोरीको परिभाषा अन्तर्गत पर्ने पनि देखिँदैन। तथापि, उल्लिखित चोरीको महलको १ नं. ले आफ्नो हक नपुग्ने अरु कसैको

[1] चार्ल्स गुरुमुख शोभराज *वि.* नेपाल सरकार, मुद्दाः कर्तव्य ज्यान, नेकाप २०६७, अङ्क ५, नि.नं. ८३७८।

धनमाल धनीलाई थाहा नदिई वा मन्जूरी नलिई धनीको हक मेटाई आफूले लिना खानाका लागि बेइमानीका नियतले कसैले लगेमा साधारण चोरी गरेको मानिने जनाएको यस अवस्थामा उक्त वारदात डाँकाको वारदात नभई उल्लिखित चोरीको महलको १ नं. बमोजिमको साधारण चोरीको कसूरजन्य वारदात रहेको देखिन आयो।

५७. **पुनरावेदक प्रतिवादी रविन चौगुठीको प्रस्तुत कसूरजन्य कार्यमा संलग्नता देखिन्छ, देखिँदैन? देखिन्छ भने निजको के कस्तो संलग्नता देखिन्छ?** भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, प्रस्तुत वारदातमा साधारण चोरीको कसूरजन्य कार्य भएको भन्ने माथिका प्रकरणहरुमा विवेचना गरिएकै छ। बरामदित बुद्धचित्तको धनी जाहेरवाला रहेको भन्ने स्थापित रहेको देखिन्छ। यी पुनरावेदकको उक्त बुद्धचित्तमा कुनै हक रहेको खुल्न आएको पनि छैन। यी पुनरावेदकले अदालत समक्ष बयान गर्दा वारदातमा उपस्थित नै नरहेको भनी अभियोगमा पूर्ण ईन्कार रहेकोमा तत्कालिन पुनरावेदन अदालत पाटन तथा यस अदालत समक्ष गरेको पुनरावेदनमा भने वारदातको उपस्थितिलाई स्वीकार गरी आफूले पेशाको कर्तव्य सम्म गर्ने सिलसिलामा जाहेरवाला चढी आएको टिपरको चेकजाँच गरेको भनी विरोधाभाष कुरा गरेको देखिन्छ। यसबाट निजले अदालतमा लिएको आफू अन्यत्र भएको भन्ने **alibi** को दावी स्वयंमा विवादास्पद देखिन्छ। यसरी यी पुनरावेदको भनाई नै विश्वसनीय नहुँदा निजले टिपरको चेकजाँच आफ्नो कर्तव्य निर्वाह गर्न असल नियतले गरेको भनी मान्न मिल्ने देखिँदैन। अर्कोतर्फ, समग्र घटनाको तथ्यगत विवरणबाट जाहेरवाला चढी आएको टिपंर रोकी चेकजाँच गर्नुमा यी पुनरावेदनको बेइमानीको नियत झल्किरहेको देखिन्छ। यी पुनरावेदकले वारदातमा निजले गरेको कार्य पेशागत कर्तव्य भनी जिकिर लिएतर्फ विचार गर्दा, यी पुनरावेदकले आफू प्रहरी रहेको भनेपछि जाहेरवाला लगायतका टिपरका व्यक्तिहरुले निज प्रतिवादी उपर आफूहरुलाई समर्पण गरेको र निज प्रतिवादीले चेकजाँच गरेको भन्ने देखिन्छ। यी पुनरावेदकले आफ्नो पुनरावेदनमा सो कुरा स्वीकार गरेकै पाइन्छ। यी पुनरावेदक करदातको करबाट राज्यको वेतन लिने जनताको जीउ धनको सुरक्षा गर्ने जिम्मेवारी रहेको व्यक्ति अर्थात् नेपाल प्रहरीको एक सदस्य रहेको भन्ने देखिन्छ। निज पुनरावेदकले जाहेरवाला सहित निजको धनमाल नियन्त्रणमा लिएपछि यथोचित संरक्षण गरी सुरक्षितसाथ सही अवस्थामा निज जाहेरवालालाई नै बुझाउनु पर्ने अन्यथा कानून बमोजिमको प्रकृया पूरा गर्नु पर्नेमा सो गरेको देखिँदैन। बरु निजले नियन्त्रणमा लिएको जाहेरवालाको धनमाल (बुद्धचित्त) अन्य प्रतिवादीहरुको संलग्नतामा कसूरजन्य कार्य गरे गराएको देखिँदा निजको त्यस्तो कसूरजन्य कार्यलाई घुमुवा प्रहरीले गर्ने पेशागत कार्यको पर्दा लगाई छोप्न मिल्ने देखिँदैन।

५८. सामान्यतः घुमुवा अर्थात् सादा पोसाकका प्रहरी कर्मचारीले शंकास्पद व्यक्तिलाई आफै नियन्त्रण गर्ने चेकजाँच गर्ने गर्दैन, निजको मुख्य जिम्मेवारी नै गोप्य रुपमा सूचना संकलन गरी जिम्मेवार निकायमा सूचना उपलब्ध गर्ने गराउने अभ्यास रहेको पाइन्छ। त्यस सूचनाको आधारमा सम्बन्धित निकायले कारवाही गर्ने वा अनुसन्धान प्रकृया अघि बढाउने हुन्छ। यी पुनरावेदक प्रतिवादी रविन चौगुठीलाई शंकास्पद व्यक्तिलाई आफै नियन्त्रण गर्ने, चेकजाँच गर्ने अख्तियारप्राप्त भएको खुल्न सकेको देखिँदैन। निजले अदालतमा बयान गर्दा पनि कार्यालय प्रमुखबाट निजलाई सिभिल ड्रेसमा गएर सबै अपराध सम्बन्धी जानकारी लिन मौखिक आदेश हुने भनी उल्लेख गरेको हुँदा जाहेरवालाई नियन्त्रणमै लिई चेकजाँच गर्ने अख्तियारी निज प्रतिवादीमा भएको देखिँदैन। यी प्रतिवादी रविन चौगुठीको आफ्नो साक्षीको बकपत्रको कुनै मुल्याङ्कन नभएको भनी पुनरावेदन जिकिर गरेतर्फ विचार गर्दा, निजका साक्षी रमेश चौगुठीले प्रतिवादी रविन चौगुठी मिति २०७१।०३।२९ मा अफिसको कामले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा जाने भनेको भनी बकपत्र गरिदिएको पाइए तापनि सो कुरा कुनै पनि तथ्यबाट समर्थित भएको देखिँदैन। अर्कोतर्फ, यी पुनरावेदक प्रतिवादी र अन्य प्रतिवादीहरुका बीचमा वारदातको दिनमा पटक-पटक फोन सम्पर्क भएको मिसिलसंलग्न कल डिटेल विवरणबाट देखिन्छ। निज प्रतिवादी प्रहरी कर्मचारी भएकोमा विवाद नरहेको र निजले मौकाको बयान तथा पुनरावेदनमा आफू घुमुवा प्रहरी भएको र कर्तव्य पालनाको सिलसिलामा गरेको कार्य भएकोले कसूर कायम गर्नुपर्ने होइन भन्ने दावी लिएको परिप्रेक्ष्यमा घुमुवा प्रहरी सम्बन्धी कानूनी व्यवस्था, निजहरुको कार्य प्रकृति र दायित्वका सम्बन्धमा विचार गर्नुपर्ने देखियो।

५९. निज प्रतिवादी रविन चौगुठीले आफू घुमुवा प्रहरी भएको दावी लिएता पनि मौखिक रुपमा खटिएको भन्ने उल्लेखसम्म गरेको देखिन्छ। निजले आफूलाई सजाय हुनुपर्ने होइन भन्ने सम्बन्धमा घुमुवा प्रहरीलाई प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१ बमोजिम त्यस्तो अधिकार प्राप्त भएको वा अन्य कुनै नेपाल प्रहरीको निर्देशन वा आन्तरिक कार्यविधिले त्यस्तो अधिकार प्रदान गरेको भन्ने दावी लिन सकेको देखिँदैन। वास्तवमा नेपाल प्रहरी ऐन र नियमावलीमा यस सम्बन्धमा कुनै प्रावधान रहे भएको देखिँदैन। न त प्रहरीको आन्तरिक निर्देशन, मापदण्ड वा कुनै कार्यविधिमा यस सम्बन्धमा कुनै व्यवस्था भएको भन्ने मिसिल संलग्न कागजातबाट खुलेको नै पाइन्छ। घुमुवा प्रहरीको यकीन गर्ने, अधिकार प्रत्यायोजन गर्ने, लिखित रुपमा त्यस कार्यमा खटाउने, त्यस्ता व्यक्तिहरुको कार्यादेश परिभाषित गर्ने सम्बन्धमा के कस्तो कानूनी व्यवस्था छ भन्ने सम्बन्धमा खुल्न सकेको देखिँदैन।

६०. घुमुवा वा अपराध अनुसन्धानमा सुराकीको प्रयोगको सम्बन्धमा तुलनात्मक कानूनी व्यवस्थाहरुको अध्ययन गर्दा संयुक्त राज्य अमेरिकामा Under corer agents and operations का सम्बन्धमा Attorney General's Guidelines on Federal Bureau of Investigation for under corer operation अन्तर्गत यस सम्बन्धमा मिल्दोजुल्दो कानूनी व्यवस्था प्रचलनमा रहेको पाइन्छ। उक्त Guidelines को **H** हेर्दा, Participation in otherwise illegal activities by under cover employees भन्ने शिर्षक अन्तर्गत "no under cover employee shall engage in any activities that would constitute violation of federal, state and local law if engage by a private person acting without authorization" भनी उल्लेख गरेको पाइन्छ। यद्यपि R *v.* Russel[2] को मुद्दामा अमेरिकाको सर्वोच्च अदालतले "limited participation in criminal activities is a part of recognized and permissible means of investigation" भनी उल्लेख गरेको पाइन्छ।

६१. क्यानडाको कानूनी व्यवस्था हेर्दा, Canadian Criminal Code, 1985 को दफा २५ मा A police officer may engage in an action that would otherwise be consider illegal as long as it is deemed reasonable and proportional in the circumstances[3] भनी उल्लेख गरेको पाइन्छ। उक्त कानूनी व्यवस्थाको प्रसङ्गमा घुमुवा वा सुराकी प्रहरी संलग्न भएको कसूरज्य कार्यमा सम्बन्धित घटना वा वारदातको परिस्थिति र संलग्नताको समानुपातिकताको परीक्षण वा मूल्याङ्कन गर्नुपर्ने देखिन्छ। माथि उल्लिखित व्यवस्थालाई क्यानडाको सर्वोच्च अदालतले R *v.* Compbell[4] को मुद्दामा व्याख्या गरी Doctrine of Authorized Criminality को सिद्धान्त प्रतिपादन गरेको पाइन्छ। अर्थात् Doctrine of Authorized Criminality भन्नाले Elizabeth E. Joh ले "practice of permitting covert police officers to engage in conduct that would be criminal outside of the context of

---

[2] R *v.* Russell, 411 U.S. 423 (1973), No. 71-1585, Argued: February 27, 1973, Decided: April 24, 1973.

[3] The Canadian Criminal Code, R.S.C., ch. C.-46, § 25, (1985), section 25: 25 (1) Everyone who is required or authorized by law to do anything in the administration or enforcement of the law:

(a) as a private person,

(b) as a peace officer or public officer,

(c) in aid of a peace officer or public officer, or

(d) by virtue of his office,

is, if he acts on reasonable grounds, justified in doing what he is required or authorized to do and in using as much force as is necessary for that purpose.

[4] R *v.* Campbell, [1999], 1 S.C.R. 565, 1999, SCC 676, Canada.

the investigation"[5] भनी परिभाषित गरेको पाइन्छ। उक्त Doctrine of Authorized Criminality को व्याख्या गर्दै त्यहाँको सर्वोच्च अदालतले R *v.* Campbell को मुद्दामा, "After setting out the relevant portions of the Narcotic Control Act, Carthy J.A. noted that the Narcotic Control Regulations, C.R.C., c. 1041, s. 3(1), saves the police harmless where possession of a narcotic results from sting operations but court said there is no corresponding regulation giving the police immunity when they are offering to sell a narcotic and court made it illegal." भनी उल्लेख गरेको पाइन्छ। अर्थात् क्यानडाको कानूनी व्यवस्था हेर्दा, प्रहरी वा कानून कार्यान्वयन गर्ने व्यक्तिलाई एक निश्चित अवस्थामा उचित र समानुपातिक रुपमा कसूरजन्य वा आपराधिक कार्य गर्न सक्ने गरी अधिकार प्रत्यायोजन गर्न सक्ने देखिन्छ।

६२. त्यस्तै इटालीको कानूनी व्यवस्था हेर्दा, घुमुवा वा सुराकी प्रहरीले गरेको कसूरजन्य कार्यको Authorized Criminality को परीक्षण गर्दा त्यस्तो कसूरजन्य वा अपराधिक कार्य गैरकानूनी रहेको प्रारम्भिक अनुमान गर्नुपर्ने व्यवस्था रहेको पाइन्छ।[6] त्यस्तो Authorized Criminality को परीक्षण गर्दा घुमुवा प्रहरीले गरेको कसूरको गोश्वारा रुपमा मापन गर्ने नभई कसूरको प्रकृति अनुसार विशेष परीक्षण मापदण्ड अपनाउनु पर्ने व्यवस्था गरेको पाइन्छ।[7] अर्थात् इटालीमा Authorized Criminality एक अपवाद रहेको र त्यस्तो कसूरमा संलग्न भएको व्यक्ति अपराध अनुसन्धानको परीक्षणबाट गुज्रनु पर्ने अवस्था देखिन्छ र परीक्षणमा अन्यथा भएमा अभियोजन तथा कसूर कायम हुन सक्ने देखिन्छ।

६३. **उल्लिखित तीनवटा देशहरुको तुलनात्मक अध्ययनबाट घुमुवा वा सुराकी प्रहरी वा कानून कार्यान्वयन गर्ने निकायको व्यक्तिले सम्बन्धित अपराधको सुराकी गर्दा Doctrine of Authorized Criminality अन्तर्गत केही हदसम्म कसूरजन्य कार्यमा संलग्न हुन सक्ने देखिन्छ। यद्दपि घुमुवा वा सुराकी प्रहरी खटाउन सक्ने कानूनी प्रबन्धको व्यवस्था गर्नुपर्ने देखिन्छ। त्यस्तै त्यस्तो कानूनी प्रबन्ध अनुसार खटाइएको सम्बन्धित व्यक्तिलाई त्यस्तो कार्यमा संलग्न गराएको सम्बन्धमा आन्तरिक प्रकृतिको लिखित अधिकार प्रदान**

[5] Elizabeth E. Joh, "Breaking the Law to Enforce It: Undercover Police Participation in Crime", Sandford Law Review, V 62:1, 2009.

[6] Jacqueline E. Ross, *Impediments to Transnational Cooperation in Undercover Policing: A Comparative Study of the United States and Italy*, 52 AM. J. COMP. L. 5 (2004), p. 574.

[7] Jacqueline E. Ross, *Impediments to Transnational Cooperation in Undercover Policing: A Comparative Study of the United States and Italy*, 52 AM. J. COMP. L. 5 (2004), p. 588. (Observing that an Italian under cover officer faces criminal prosecution if his conduct falls outside of statutory exemptions).

**(Authorized) गरेको हुनु पर्दछ।** त्यस्तो अधिकार प्रत्यायोजन गर्दा के कतिसम्म निज खटाइएको व्यक्तिले कार्य गर्न सक्ने हो भन्ने स्पष्ट पारिएको हुनु पर्दछ। यदि खटाइएको व्यक्तिले उक्त कसूरको घटना वा वारदातमा परिस्थिति अनुसार घटनाको अवस्था हेरी असमानुपातिक रुपमा शक्तिको प्रयोग गरेमा वा कसूरमा संलग्न भएमा त्यस्तो संलग्नताको वस्तुगत अवस्थाको उचित अनुसन्धान गरी, अधिकार प्रदान नगरी कार्य गरे वा नगरेको, प्रदान गरिएको अधिकार भन्दा बढी कार्य गरेको वा नगरेको तथा घटना वा वारदातको परिस्थिति भन्दा बढी असमानुपातिक रुपमा कार्य गरेको वा बदनियत राखी आफू वा अन्य कसैको फाइदाको लागि कार्य गरेको अवस्थामा निज व्यक्ति विरुद्ध फौजदारी कसूरमा अनुसन्धान, अभियोजन र मुद्दा चलाउन सकिने देखिन्छ। **घुमुवा वा सुराकी प्रहरी तथा यस्तै प्रकृतिको कार्य गर्ने अन्य कानून कार्यान्वयन गर्ने व्यक्तिलाई अपराधिक गतिविधिका सम्बन्धमा सूचना संकलन गर्न खटाइन सक्दछ, त्यस्तो अपराधिक कार्य गर्ने व्यक्ति वा समूहमा प्रवेश गरी सूचना संकलन गर्दा निजको सुरक्षा र गोपनियता कायम गर्न निजले कतिपय अवस्थामा कसूरजन्य कार्यमा संलग्न हुनुपर्ने हुन सक्दछ। तर त्यस्तो कार्यका लागि निजलाई अधिकार प्रदान (Authorized) गरिएको हुनु पर्दछ। निजले गरेको प्रत्येक कसूरजन्य कार्यको अनुसन्धान हुन सक्दछ र असमानुपातिक वा बदनियत सहित कार्य गरेको देखिएमा फौजदारी न्याय प्रणालीको सामना गर्नु पर्दछ।**

६४. अपराधको वस्तुगत अवस्था र सूचना पत्ता लगाउन घुमुवा, सुराकीको प्रयोग एक सामान्य अभ्यास हो। प्रस्तुत मुद्दामा प्रतिवादी रविन चौगुठीले आफू मौखिक रुपमा कार्यालयबाट त्यस्तो कार्यमा खटिएको भन्ने उल्लेख गरेको पाइन्छ। विद्यमान **प्रहरी सम्बन्धी कानूनी व्यवस्था र अन्य कुनै कानूनी व्यवस्थामा घुमुवा वा सुराकी प्रहरीको परिभाषा गरिएको र त्यस सम्बन्धी कानूनी व्यवस्था गरेको देखिँदैन। अपराध अनुसन्धान र त्यसको वस्तुगत अवस्था बुझ्न घुमुवा वा सुराकीको रुपमा परिचालन गर्नुपर्ने प्रहरी कर्मचारीहरु कानूनले परिकल्पना गरेको परिधिभित्र रही परिभाषित रुपमा त्यस्तो कार्यमा संलग्न भएको देखिनु पर्दछ। यस प्रसङ्गमा यस प्रकारका घुमुवा वा सुराकी परिचालन गर्न आवश्यक कानूनी प्रबन्धको व्यवस्था गर्न नेपाल प्रहरीलाई ध्यानाकर्षण गराउन उपयुक्त देखिन्छ।**

६५. यसरी, प्रस्तुत मुद्दाको प्रसङ्गमा निज रविन चौगुठीले अन्य प्रतिवादीहरुसँघ मिली कसूरजन्य कार्य गरी कानूनलाई आफ्नो हातमा लिई यी पुनरावेदक प्रतिवादीले गरेको कार्यलाई कानून बमोजिमको कार्य भन्न मिल्ने नदेखिँदा यी पुनरावेदक प्रतिवादी रविन चौगुठीको प्रस्तुत साधारण चोरीको कसूरजन्य कार्यमा संलग्नता रहेकै मान्नुपर्ने अवस्था देखिन आयो।

६६. **प्रस्तुत मुद्दाको बिगो अभियोग दावी बमोजिम रु.९,४२,८४०।- कायम हुनुपर्ने हो, होइन? अर्थात् प्रस्तुत मुद्दामा के कति बिगो कायम हुने हो?** भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा, आफ्नो ९०७२ दाना बुद्धचित्तको माला लुटिएको भन्ने जाहेरवालाको दावी भए तापनि ९०७२ दाना नै चोरी भएको भनी वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। चोरी भएको बुद्धचित्त ७७० वटा सम्म बरामद भएको अवस्था छ। १०८ वटा दानाको १ माला हुने हुन्छ। १ माला बुद्धचित्तको रु.१३,०९५।– पर्ने भनी जाहेरवाला राज दोङ्गले निजको जाहेरी दरखास्तमा उल्लेख गरेको देखिन्छ। ९०७२ दाना बुद्धचित्तको चलन चल्तीको मुल्य रु.११,००,०००।- पर्ने भनी निज जाहेरवालाले नै अदालतको आदेशानुसार साविक मुलुकी ऐन, अ.वं. १३३ नं. बमोजिम कागज गर्दा खुलाइदिएकै छ। बुद्धचित्तको प्रति मालाको तत्कालिन बजार मुल्य रु.१३,०९५।- रहेको र सात थान मालाको बजार मुल्य रु.९१,६६५।- रहेको भन्ने मिसिल संलग्न थोकर बुद्धचित्त माला एण्ड रुद्राक्ष सप्लायर्सको मिति २०७१।०४।२२ को पत्रको व्यहोरा रहेको देखिन्छ। उक्त पत्र व्यहोरालाई थोकर बुद्धचित्त माला एण्ड रुद्राक्ष सप्लायर्सकै सञ्चालक बिकु लामाले अदालतमा आई बकपत्रबाट समर्थन गरेको पाइन्छ। यसरी उल्लिखित बजार मुल्यको आधारमा बरामदित ७७० वटा बुद्धचित्तको बजार मुल्य अर्थात् प्रस्तुत मुद्दाको बिगो रु.९१,६२५।– कायम हुने देखिन आयो।

६७. **अब, प्रतिवादी रविन चौगुठी तथा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो, होइन? अर्थात् तत्कालिन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।०२ मा भएको फैसला मिलेको छ, छैन?** भन्ने अन्तिम प्रश्नका सम्बन्धमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादी रविन चौगुठी तथा प्रत्यर्थी प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा र जयकृष्ण श्रेष्ठले अदालत समक्ष गरेको ईन्कारी बयान अन्य प्रमाणबाट पुष्टि हुन नसकी निजहरुको अधिकारप्राप्त अधिकारी समक्षको बयान नै अन्य प्रमाणबाट समेत समर्थित भएको अवस्था छ। निज प्रतिवादीहरुका आ-आफ्ना साक्षीहरुले वारदातको दिन प्रतिवादीहरु आ-आफूसँग रहेको भनी बकपत्र गरिदिए तापनि त्यसको पुष्टि हुने प्रमाण मिसिलसंलग्न देखिँदैन। निज प्रतिवादीहरु बिगो रु. ९१,६२५।- बराबरको बुद्धचित्त माला चोरी गरी साविक मुलुकी ऐन, चोरीको महलको १ नं. बमोजिम साधारण चोरीको कसूरमा कसूरदार देखिएको माथिका प्रकरणहरुमा विवेचना भएकै छ। साविक मुलुकी ऐन, चोरीको महलको १२ नं. ले साधारण चोरीको कसूरदारलाई बिगो बमोजिम जरिवाना र पहिला पटकको लाई एक महिना कैद गर्नुपर्ने कानूनी व्यवस्था गरेको पाइन्छ। यी प्रतिवादीहरु पहिला पनि चोरीको कसूरमा कसूरदार ठहरेको भनी खुल्न आएको देखिँदैन।

यस अवस्थामा यी प्रतिवादीहरुलाई सोही चोरीको महलको १२ नं. बमोजिम बिगो रु. ९१,६२५।- को बुद्धचित्त माला चोरी गरेकोमा जनही बिगो बराबर जरिवाना र एक महिना कैद हुने ठहर गरेको तत्कालिन पुनरावेदन अदालत पाटनको फैसला मनासिब रहेकोले अन्यथा गरिरहनु पर्ने देखिएन।

६८. अतः उल्लिखित आधार कारणबाट यी पुनरावेदक प्रतिवादी रविन चौगुठी तथा प्रत्यर्थी प्रतिवादीहरु लोकेन्द्र तोलाङ्गे, राजु लामा र जयकृष्ण श्रेष्ठले जाहेरवाला राज दोङ्गको बिगो रु.९१,६२५।- बराबरको बुद्धचित्त माला चोरी गरी साविक मुलुकी ऐन, चोरीको महलको १ नं. को कसूर गरेको देखिँदा, शुरु काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७२।०३।२२ को फैसला केही उल्टी गरी निज प्रतिवादीहरुलाई ऐ. महलको १ नं. को कसूरमा ऐ. महलको १२ नं. बमोजिम बिगो रु.९१,६२५।- को बुद्धचित्त माला चोरी गरेकोमा जनही बिगो बराबर जरिवाना र १ (एक) महिना कैद हुने ठहऱ्याई तत्कालिन पुनरावेदन अदालत पाटनबाट मिति २०७२।११।०२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अभियोगबाटै सफाई पाउँ भन्ने प्रतिवादी रविन चौगुठीको तथा अभियोग दावी बमोजिम गरी पाउँ भन्ने वादी नेपाल सरकार दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन। नेपाल प्रहरीमा अपराध अनुसन्धान लगायतका विभिन्न प्रयोजनको लागि घुमुवा वा सुराकी परिचालन सम्बन्धमा आवश्यक कानूनी प्रबन्धको व्यवस्था गर्न ध्यानाकर्षण गराएको सम्बन्धमा नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौंलाई प्रस्तुत फैसलाको एकप्रति साथै राखी पत्राचार गर्नू। प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(विश्वम्भरप्रसाद श्रेष्ठ)
का.मु. प्रधान न्यायाधीश

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली
अनुसन्धान सहयोगी : लक्ष्मी राना (शाखा अधिकृत)
कम्प्युटर अपरेटर : राधिका घोरासाइने

ईति संवत् २०८० साल भदौ महिना ३ गते रोज १ शुभम्...........................................।